सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारका दुई वर्ष छ महिनाको अवधिमा अर्थ मन्त्रालयबाट सम्पादन भएका प्रमुख कार्यहरु तथा उपलब्धिहरू

नेपाल सरकार

अर्थ मन्त्रालय

२०७७ भाद्र

सार संक्षेप

१. विगत लामो समय सम्मको राजनैतिक अस्थिरता, भिन्न भिन्न सिद्धान्त र आर्थिक सोच बोकेका राजनैतिक दलहरुको संयुक्त सरकार तथा देशको आर्थिक प्रणालीवारे स्पष्ट दिशाबोधको अभावमा अर्थतन्त्रको संरचनात्मक परिवर्तन, आर्थिक स्थायित्व एवं आर्थिक नीतिको निरन्तरता रहने अवस्था बनेको थिएन। सरकारको छिटो छिटो परिवर्तनले नीतिको निरन्तरता नहुदा निजी क्षेत्रले लगानीका लागि विश्वस्त वातावरण पाउन सकेको थिएन भने अन्तर्राष्ट्रिय सहयोग पनि तत्कालिन स्रोतको आवश्यकतामा बढी केन्द्रीत रहेको थियो।

२. अत्यधिक बहुमत सहित वर्तमान सरकार गठन भएसँगै राजनैतिक स्थायित्व, एउटै सरकारको निरन्तरता, संघीयताको कार्यान्वयन, संविधानमा उल्लिखित नागरिकको मौलिक हकहरुको प्राप्ति, सार्वजनिक-निजी-सहकारी क्षेत्रको सहकार्य र परिपूरक भूमिकाबाट तीव्र आर्थिक वृद्धि, विकासको प्रतिफलको न्यायिक वितरण र नागरिक सुरक्षाका सबै पक्षमा सरकारको अभिभावकत्व रहने सुनिश्चित भएका छन। यसकै जगमा देशको अर्थतन्त्र तीव्र आर्थिक विकास, सुशासन र समृद्धिको मार्गमा अघि बढेको छ।

३. वर्तमान सरकार गठन भएको दुई वर्षमा कुल गार्हस्थ उत्पादनमा औसत ७ प्रतिशतको वृद्धि सहित देश उच्च

आर्थिक वृद्धिको मार्गमा प्रवेश गरे सँगै रोजगारीका अवसरहरु थपिएका छन्। कोभिड-१९ को संक्रमणले गर्दा पछिल्लो समयमा यो अवस्थामा केही संकुचन आएको छ। मूल्यवृद्धि ५ प्रतिशतको हाराहारीमा मात्र रहेको छ। आयातको भन्दा निर्यातको वृद्धिदर उच्च हुदै लामो समय देखि देशले भोग्दै आएको व्यापार घाटामा सुधार भएको छ। ठूलो व्यापार घाटाको कारण बिग्रन थालेको भुक्तानी सन्तुलन बचत भएको छ भने विदेशी मुद्रा संचिति बढ्न थालेको छ। समग्रमा, देशले समष्टिगत आर्थिक स्थायित्वसँगै द्रुत आर्थिक विकासको मार्ग तय गरेको छ।

४. वर्तमान सरकारका दुई वर्ष ६ महिनाको अवधिमा वित्तीय संघीयता कार्यान्वयन, कर तथा खर्च प्रणाली, स्वदेशी तथा विदेशी निजी लगानी, अन्तर्राष्ट्रिय सहायता परिचालन एवं सहकारी र सामुदायिक क्षेत्रको विकास र सुशासनका क्षेत्रमा अर्थ मन्त्रालयका तर्फवाट उल्लेखनीय कार्यहरु भएका छन्। कर प्रणाली प्रगतिशील र पारदर्शी भएको छ भने मूल्य अभिवृद्धि कर लगायतका कर छूट दिने विगतका विकृत अभ्यासहरुको अन्त्य गरिएको छ। सार्वजनिक खर्चमा वित्तीय उत्तरदायित्व कायम गराउने कानूनी प्रबन्ध गरिएको छ। राज्यको असिमित दायित्व बढाउने खर्च प्रणालीको अन्त्य गरिएको छ भने आर्थिक अनुशासन कायम गरिएको छ।

५. सरकारको आर्थिक एवं सार्वजनिक वित्त नीतिको साख बढेसँगै अन्तर्राष्ट्रिय विकास साझेदारहरुबाट उल्लेख्य रुपमा विकास सहायता प्राप्त हुन थालेको छ। यस अवधिमा रू. १६८ अर्वको बजेटरी सहायता सहित कुल रू. ५ खर्व बराबरको विकास सहायता प्रतिवद्धता प्राप्त भएको छ। थप रु.२ खर्वको सहायता संझौता अन्तिम चरणमा पुगेको छ।अन्तर्राष्ट्रिय लगानी सम्मेलन सफलतापूर्वक सम्पन्न भएसँगै २ वर्षको अवधिमा रू.२ खर्ब भन्दा बढीको बाह्य लगानी स्वीकृत भइसकेको छ भने रू.१४ खर्ब भन्दा बढीको लगानी प्रतिवद्धता पनि प्राप्त भएको छ।

६. यस अवधिमा अघि बढाइएका शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका कार्यक्रमहरुबाट नागरिक जीवनमा उल्लेख्य सुधार आएको तथ्य विभिन्न सर्भेक्षणहरुबाट प्राप्त भईरहेको छ। चरम गरिबीमा कमी आएसँगै आर्थिक असमानतामा क्रमशः सुधारका संकेतहरु देखिदैछन्। देशको अर्थतन्त्र संबिधानले परिकल्पना गरेको बाटोतर्फ अग्रसर भइरहेको छ।

७. विगत दुई वर्ष ६ महिनाको अवधिमा देशको बैंकिङ्ग, वीमा तथा ग्रामीण क्षेत्रमा वित्तीय पहूँच उल्लेख्य रुपमा विस्तार भएको छ। बैकिङ्ग सेवा, वीमा सेवा र स्थानीय तहमा बैंकहरुको उपस्थिति झण्डै दोब्बर भएको छ। वित्तीय तथा सार्वजनिक सेवामा सूचना प्रविधिको प्रयोग ह्वात्तै बढेको छ। नेपालको वित्तीय प्रणाली स्वस्थ र सुदृढ हुँदै गएको छ।

८. देशको द्रुत आर्थिक विकासको जगको रुपमा रहेको भौतिक पूर्वाधार विकासमा सार्वजनिक र निजी क्षेत्रवाट पर्याप्त लगानी जुटाउन सकिएको छ। अन्तर्राष्ट्रिय सहायताबाट राजमार्ग र टनेल, ग्रामीण सडक, बिमानस्थल, रेलवे, जलविद्युत लगायतका क्षेत्रमा लगानी बढाउन सक्ने अवस्था सिर्जना भएको छ भने यस्ता कतिपय क्षेत्रमा थप निजी लगानी समेत परिचालित भएको छ। त्यसैले वर्तमान सरकारको दुई वर्ष समृद्धिका क्रमश: आधार वर्ष र प्रस्थान वर्षका रुपमा रहे भन्न सकिन्छ।

९. अन्तर्राष्ट्रिय दातृ तथा नियमनकारी निकायहरुले नेपालको अर्थतन्त्र र वित्तीय प्रणाली सुदृढ ढंगले अघि बढिरहेको विवरण आफ्ना प्रकाशनहरु मार्फत व्यक्त गरिरहेका छन्। नेपालको व्यवसायिक वातावरणमा उल्लेख्य सुधार भएको तथ्य पनि सार्वजनिक भइरहेको छ।

१०. समष्टिमा, हालसम्मको विकास, सुशासन र समृद्धिको यात्रालाई तीव्रता प्रदान गर्दै सरकार जनआंकाक्षा पुरा गर्ने प्रतिवद्धतामा सफल बन्दै जाने आधारशीला खडा भएको छ। नेपालको अन्तर्राष्ट्रिय जगतमा प्रतिष्ठा उच्च हुदै उदीयमान समाजबादी मुलुकको रुपमा स्थापित हुदै गएको छ।

विषय सूची

विषय	पृष्ठ
(क) पृष्ठभूमि	१
(ख) समष्टिगत आर्थिक क्षेत्र	३
(ग) वित्तीय क्षेत्र	१५
(घ) राजस्व प्रणाली	२६
(ङ) बजेट प्रणाली	३९
(च) विकास सहायता परिचालन	४८
(छ) कानून निर्माण	५२
(ज) कोभिड १९को संक्रमण, रोकथाम र नियन्त्रण	५४

वर्तमान सरकारका दुई वर्ष छ महिनाको अवधिमा अर्थ मन्त्रालयबाट सम्पादन भएका प्रमुख कार्य तथा उपलब्धिहरु

(क) पृष्ठभूमि

१. वर्तमान सरकार गठन हुँदाको अवस्था

१.१ सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको नेतृत्वमा गठित वर्तमान सरकारको अर्थमन्त्रीको हैसियतमा मैले जिम्मेवारी सम्हाल्दा अर्थतन्त्रका अधिकांश पक्ष कमजोर स्थितिमा रहेका थिए। आयातमा आधारित राजस्व र विप्रेषणमा आधारित उपभोगको चक्रमा अर्थतन्त्र रुमल्लिएको थियो। अनौपचारिक अर्थतन्त्रका कारण राजस्वको दायरा संकुचित थियो। बजेट प्रणाली र वित्तीय अनुशासन कमजोर थियो। मुलुकले धान्नै नसक्ने गरी व्यापार घाटा फराकिलो हुँदै विदेशी मुद्रा सञ्चितिमा चाप परेको थियो। शोधनान्तर स्थिति घाटामा थियो। वित्तीय क्षेत्रको पूँजीले आर्थिक वृद्धिलाई अपेक्षित रुपमा सहयोग पुर्‍याउन सकिरहेको थिएन। बाह्य तथा आन्तरिक निजी लगानीको वातावरण असहज थियो भने विकास सहायता र वैदेशिक लगानी परिचालन पनि चुनौतीपूर्ण अवस्थामा थियो।

१.२ वर्तमान सरकारलाई बजेट प्रणाली र विनियोजनका बेथितिहरुको अन्त्य गरी बजेट अनुशासन कायम गर्ने, अनौपचारिक आर्थिक कारोबारलाई व्यवस्थित गर्ने, राजस्व

प्रणालीको सुधार मार्फत कर परिपालना बढाउने तथा चुहावट नियन्त्रण गर्ने, राजस्व प्रशासनमा पारदर्शीता र सदाचारिता कायम गर्ने, बाह्य क्षेत्रको कारोबारमा रहेको असन्तुलनलाई सुधार गर्ने, विकास सहायता परिचालन अभिवृद्धि गर्ने, बजेट कार्यान्वयन प्रभावकारी तुल्याउने, पुनर्निर्माणको कार्य सम्पन्न गर्न थप स्रोत जुटाउने, लगानीको वातावरण सुदृढ गर्दै उच्च आर्थिक वृद्धि हासिल गर्ने र वित्तीय पहूँच सर्वसुलभ बनाउँदै वित्तीय साधन उत्पादनमुखी बनाउने लगायत चुनौतीहरुका चाङ्ग थिए।

१.३ संघीयता कार्यान्वयन सहज रुपमा अघि बढाउन सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी तुल्याउनु, सामाजिक सुरक्षाको विस्तार गरी आर्थिक क्षेत्रसँग सम्बन्धित मौलिक हकहरुको कार्यान्वयन गर्नु, चरम गरिबी र अभावको अवस्थाबाट नागरिकहरुलाई छिटो मुक्त गर्नु सरकारको प्रमुख दायित्व थियो।

१.४ वित्तीय संघीयता कार्यान्वयनका लागि नितान्त नयाँ संरचनागत, संस्थागत एवम् प्रणालीगत वित्तीय व्यवस्था गरी निर्विवाद ढंगले तीनवटै तहका सरकारमा वित्तीय अधिकार, साधन, स्रोत र जिम्मेवारी सहित सेवाप्रवाहका कार्य अघि बढाउनु पर्ने स्थिति थियो।

१.५ सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा प्राप्तिको आधारशिला निर्माण गर्न सबै प्रकारका

पछ्यौटेपनहरुको अन्त्य गर्दै नेपाली नागरिकको जीवनस्तरमा सुधार, सामाजिक न्याय सहितको तीव्र आर्थिक विकास र समुन्नत तथा समृद्ध समाजबाद उन्मुख अर्थतन्त्रको निर्माणको दिशामा मुलुकलाई अघि बढाउनु थियो।

१.६ उपरोक्त पृष्ठभूमिमा मुलुकमा आर्थिक समृद्धि, विकास, स्थायित्व र सुशासन कायम गर्न अर्थ मन्त्रालयले दुई वर्ष छ महिनाको अवधिमा सम्पादन गरेका कार्य र हासिल गरेका महत्वपूर्ण उपलब्धिहरु संक्षेपमा प्रस्तुत गर्दछु।

(ख) समष्टिगत आर्थिक क्षेत्र

२. दीगो, फराकिलो र उच्च आर्थिक वृद्धिको आधारशिला निर्माण भएको छ।

२.१ विश्वव्यापी महामारी कोभिड-१९ को संक्रमण जोखिम सिर्जना हुनु अघिका दुई वर्षमा उत्पादक शक्तिको विकास, लगानीमैत्री वातावरण निर्माण र शासकीय सुधारको निरन्तर प्रयासले समष्टिगत आर्थिक परिसूचकहरु उत्साहजनक हुँदै गएका थिए। वर्तमान सरकार गठन हुनु अघिको १० वर्षको अवधिमा औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेकोमा यो सरकार गठन भए यता आ.ब. २०७४/७५ मा ६.७ प्रतिशत, आ.ब. २०७५/७६ मा ७.० प्रतिशतको आर्थिक वृद्धि हासिल हुन सकेको थियो। कोभिड-१९ का कारण आ.ब. २०७६/७७ मा आर्थिक

वृद्धि २.३ प्रतिशतमा खुम्चिएको अनुमान छ। विश्वव्यापी रुपमा आर्थिक वृद्धि नकारात्मक भएको अवस्थामा यो पनि सन्तोषकै विषय हो। यो वृद्धिदर हासिलमा अर्थतन्त्रका सबै आर्थिक क्षेत्र र सबै प्रदेशहरुको महत्वपूर्ण योगदान रहेको छ। अब हामी आर्थिक वृद्धिको आयामिक परिवर्तन (Paradigm Shift) को चरणमा पुगेका छौं। हामी अब ४-५ प्रतिशतको आर्थिक वृद्धिदरबाट न्यूनतम ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सक्ने भएका छौं।

२.२ आर्थिक वृद्धिमा आर्थिक क्षेत्रगत र प्रादेशिक सुधार हुँदै गएको छ। कोभिड-१९ भन्दा अघिका दुई बर्षमा सबै आर्थिक क्षेत्रहरुको वृद्धिदर ५ प्रतिशतभन्दा माथि र सबै प्रदेशहरुको आर्थिक वृद्धिदर करिब ६ प्रतिशतभन्दा माथि रहन सकेको थियो। पछिल्लो समयमा आर्थिक वृद्धिमा प्रतिकूल असर परे पनि उच्च आर्थिक वृद्धिको जग मजबूत हुँदै गएको छ।

२.३ सबै स्थानीय तहमा भूगोल, जनसंख्या र विकासको अवस्थाका आधारमा समानुपातिक ढंगले राजस्व र वित्तीय हस्तान्तरणको विधि अपनाइएका कारण स्थानीय तहमा समेत लगभग समान ढंगबाट आर्थिक क्रियाकलाप विस्तार भएको छ। आर्थिक असमानता र क्षेत्रीय असन्तुलन घट्दै गएको छ। विकासको जग तलैबाट उठ्ने गरी स्थानीय तहलाई आर्थिक क्रियाकलाप बिस्तारमा क्रियाशिल बनाउन सकिएको छ।

२.४ वर्तमान सरकार गठन भए यता र मैले अर्थमन्त्रीको वागडोर सम्हाली रहँदा उच्च आर्थिक वृद्धिको बाबजुद मुद्रास्फीति नियन्त्रित अवस्थामा रहेको छ। यो सरकार गठन अघिको एक दशकको औसत मुद्रास्फीति दर करिब ९ प्रतिशत रहेकोमा पछिल्ला ३ वर्षमा औसत ५ प्रतिशतभन्दा तल नै सिमित रहेको छ। यसमध्ये खाद्य तथा पेय पदार्थको मूल्य वृद्धिदर औसतमा ४.५ प्रतिशतमा नै सीमित रहेको छ।

३. वैदेशिक व्यापार लगायत बाह्य क्षेत्र असन्तुलनमा उल्लेख्य सुधार भएको छ।

३.१ आन्तरिक उत्पादन बढाउन सरकारले अवलम्वन गरेको औद्योगिक तथा कर नीतिको प्रभाव स्वरुप मुलुकले धान्नै नसक्ने गरी लामो समयसम्म निरन्तर वृद्धि भइरहेको आयात क्रमशः घट्न थालेको छ। भूकम्प गएको वर्ष बाहेक आ.ब. २०७३/७४ सम्मको एक दशकमा आयातको वृद्धि वार्षिक औसत २० प्रतिशत रहेकोमा पछिल्ला तीन वर्षमा क्रमिक सुधार आउदै आयात औसत ७.९ प्रतिशतले मात्र बढेको छ। गत दुई बर्षको अवधिमा पेट्रोलियम पदार्थ, विद्युतीय ऊर्जा, सिमेन्ट, धागो, तयारी पोशाक, औषधि, कोइला, सुनचाँदी, चिनी, दुग्धजन्य तथा मासुजन्य वस्तु, फलफूल, तरकारी, जीवित जनावर लगायतको आयात उल्लेख्य रुपमा घटेको छ भने धान चामलको आयात वृद्धि पछिल्लो बर्ष ३ प्रतिशतमा सीमित

रहेको छ। यसबाट आयात प्रतिस्थापन हुँदै गएको प्रष्ट हुन्छ।

३.२ निर्यातमा प्रदान गरिदै आएको अनुदानमा गरिएको वृद्धि र अन्य नीतिगत सुधारका परिणामस्वरुप वर्तमान सरकार गठन हुनु अघिको एक दशक सम्ममा औसत ६ प्रतिशतले मात्र वृद्धि भएको निर्यात पछिल्ला ३ वर्षमा औसत १०.५ प्रतिशतले वृद्धि भएको छ। कोभिड-१९ को महामारी अघि गत आर्थिक वर्षको ८ महिनामा २२ प्रतिशत भन्दा बढीले निर्यात वृद्धि भएकोमा पछिल्ला महिनामा वृद्धि खुम्चिएको छ।

३.३ आयातको वृद्धिदरमा कमी र निर्यातमा भएको वृद्धिका कारण वर्तमान सरकारका समयमा व्यापार घाटा कम हुँदै गएको छ। आ.ब. २०७४/७५ मा व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको ३८ प्रतिशत रहेकोमा आ.ब. २०७५/७६ मा पनि ३८ प्रतिशत र आ.ब. २०७६/७७ मा २९ प्रतिशतमा सीमित रहन सकेको छ।

३.४ व्यापार घाटा नियन्त्रण तथा सेवा असन्तुलनमा सुधार भई वाह्य क्षेत्रको चालु खाता घाटामा उल्लेख्य सुधार भई आ.ब. २०७४/७५ मा ८.१ प्रतिशत पुगेकोमा आ.ब.२०७५/७६ मा सो घाटा कुल गार्हस्थ्य उत्पादनको ७.७ प्रतिशत र आ.ब. २०७६/७७ मा ०.८ प्रतिशतमा झरेको छ। वर्तमान सरकार गठन हुँदा (२०७४ माघमा)

रू.१८.३ अर्ब घाटामा रहेको शोधनान्तर स्थिति २०७७ असारसम्ममा रू.२८२ अर्बले बचत रहेको छ। शिक्षा, स्वास्थ्य, पर्यटन र मनोरञ्जनतर्फको अनावश्यक बाह्य सेवा भुक्तानी नियन्त्रण हुँदै गएकोले सेवा व्यापार अनुकूल हुने दिशातर्फ उन्मुख भएको छ।

३.५ धान, मकै, माछा, मासु, फलफूल, दूध, तरकारी लगायत आधारभूत खाद्यान्न र औषधि, प्लाइउड, सिमेण्ट, विस्कुट, जुत्ता, क्लिङ्कर, चाउचाउ लगायतका करिब दुई दर्जन औद्योगिक वस्तुहरुमा मुलुक आत्मनिर्भर हुँदै गएको छ।

३.६ विदेशी मुद्रा संचितिमा वर्तमान सरकार गठन भएको केही समयसम्म चाप परेको भए पनि त्यसमा उल्लेखनीय सुधार हुन थालेको छ। पछिल्लो दुई वर्ष छ महिनामा विदेशी विनिमय संचिति रू.३४९ अर्बले थपिई २०७७ असारसम्ममा रू.१४.०२ खर्ब पुगेको छ। यो रकम विद्यमान संचितिमा ३३ प्रतिशतको वृद्धि हो। यो संचितिले १ बर्ष भन्दा बढीको वस्तु र सेवा आयात धान्न पर्याप्त हुने अवस्था छ। करिब दुई वर्ष यता विनिमयदरमा स्थायित्व कायम छ भने समग्र बाह्य क्षेत्र स्थायित्वले लगानी र आर्थिक वृद्धिका लागि बलियो आधार खडा गरेको छ।

४. नागरिकको जीवनस्तरमा गुणात्मक सुधार आएको छ।

४.१ वर्तमान सरकारको कार्यकालमा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका क्षेत्रमा गरिएको लगानीको सूचकमा

राम्रो प्रतिफल हासिल हुन थालेको छ। यातायात, विद्युत, संचार तथा सूचना प्रविधि पूर्वाधारमा उल्लेख्य विस्तार भएको छ। विदेशी विनिमय संञ्चिति बढेको छ। व्यावसायिक वातावरण सुध्रेको छ। औद्योगिक श्रम सम्बन्धमा सुधार आएको छ। अन्तर्राष्ट्रिय आवद्धता बढेको छ। निजी क्षेत्रको विश्वास बढेको छ। उपर्युक्त सबै कारणले उच्च लगानी र तीव्र आर्थिक वृद्धिको मार्ग प्रशस्त भएको छ। नागरिकको औसत आयु वृद्धि भइरहेको छ। स्वास्थ्य बीमा तथा निःशुल्क स्वास्थ्य सेवाका कारण स्वास्थ्य सम्बन्धी अरु परिसूचकहरुमा पनि सुधार आएको छ। सबै नागरिकमा सरसफाई र खानेपानीको स्रोतमा पहुँच पुग्ने स्थिति बनेको छ। नेपाल खुला दिशामुक्त मुलुक घोषणा भई सकेको छ।

४.२ गरिबीको रेखामुनी रहेका जनसंख्या १९.६ प्रतिशतबाट करिव १७ प्रतिशतमा झरेको अनुमान छ भने भोकमरी पूर्णरुपमा अन्त्य भएको छ। कोभिड-१९ को असर नपरेको भए यस अवधिमा गरिबीको दर १६ प्रतिशत रहने अनुमान थियो। सडक मानव मुक्त समाज निर्माण भइरहेको छ भने टुहुरा, असहाय, अशक्त, वृद्धवृद्धाहरुको राज्यले संरक्षण गर्ने कार्य गरिरहेको छ। श्रम कानूनको कार्यान्वयन र ज्यालामा वृद्धि भएबाट श्रमिकहरुको जीवनस्तर माथि उठेको छ। सामाजिक सुरक्षा भत्ता र निःशुल्क स्वास्थ्य बीमाका कारण ज्येष्ठ नागरिकहरु

स्वस्थ्य र सम्मानित जीवन बाँच्न सक्ने भएका छन्। बालबालिका संरक्षण अनुदानबाट गरिब विपन्न परिवारका बालबालिकालाई राज्यले संरक्षण दिएको छ। शिक्षामा समानता, राजनैतिक हैसियतमा वृद्धि र आर्थिक क्षेत्रमा भएका कार्यक्रमबाट महिलाहरुको जीवनस्तरमा रुपान्तरणकारी प्रगति भएको छ।

४.३ श्रमिकको मासिक ज्याला रु. १० हजारबाट वृद्धि भई रु. १४ हजार भन्दा बढी पुगेको छ। करिब १ लाख ७२ हजार श्रमिक सामाजिक सुरक्षाको दायरामा समेटिएका छन्। यो क्रम द्रुत रुपमा अगाडि बढेको छ। यसबाट काम गरेर पनि जीवनको उत्तरार्धमा चरम गरिबीमा रहनुपर्ने अवस्थाको अन्त्य हुने सुनिश्चितता प्रदान गरिएको छ।

४.४ नागरिकमा इन्टरनेटको पहुँच दुई वर्षमा ६१ प्रतिशतबाट करिब ७३ प्रतिशत पुगेको छ। आधुनिक सूचनायुक्त र प्रविधिमैत्री समाज निर्माण भइरहेको छ।

४.५ दुई वर्ष छ महिनामा प्रतिव्यक्ति विद्युत खपत १६४ किलोवाटबाट २६७ किलोवाट पुगेको छ। त्यसैगरी नागरिकमा विद्युतको पहुँच ७६ प्रतिशतबाट बढेर ९२ प्रतिशत पुगेको छ। लोडसेडिङ्गको अन्त्यसँगै धुवाँमुक्त चुल्हो र विद्युतीय उपकरणको प्रयोग गर्ने सामर्थ्यता बढेको छ।

४.६ सबैको लागि सुरक्षित आवास सुनिश्चित गर्ने नीति अनुरुप यस अवधिमा सरकारी अनुदानबाट जनता आवास, सुरक्षित आवास, मुक्त कमैया तथा हलिया पुनर्स्थापना, विपद् प्रभावित परिवार समेतका लागि करिब १ लाख घर एवं भूकम्प पीडित परिवारहरुका लागि निजी आवास निर्माण अनुदानबाट ७ लाख गरी ८ लाख घर निर्माण भई ३५ लाख व्यक्ति लाभान्वित भएका छन्।

४.७ सबैलाई साक्षर बनाउने नीति अनुरुप ५३ जिल्ला पूर्ण साक्षर भइसकेका छन्।

४.८ सन् २०१८ को तथ्याङ्कमा मानव विकास सूचकाङ्कमा नेपाल १४९ औं स्थानबाट १४७ औं स्थानमा रहन सफल भएको छ। प्रति व्यक्ति आयमा भएको वृद्धि र शिक्षा तथा स्वास्थ्यको प्रतिफलबाट सो सूचकाङ्कमा थप सुधार भएको अनुमान छ।

४.९ विश्व भोकमरी सूचकाङ्कमा नेपालको स्थिति सुध्रिएर ७३ औं स्थानमा कायम भएको छ।

४.१० विश्वव्यापी खुशी मापन सूचक (ह्याप्पीनेश इन्डेक्स) मा नेपाल अहिले ३ स्थान माथि उठ्न सकेको छ। केन्द्रीय तथ्याङ्क विभागबाट गरिएको सर्भेक्षण अनुसार दुई तिहाई भन्दा बढी व्यक्तिहरु खुशी रहेको र आधा भन्दा बढी जनताले अर्को वर्ष जीवन अझै सुखी हुने धारणा व्यक्त गरेका छन्।

४.११ विश्व भ्रमण तथा पर्यटनसम्बन्धी सूचक, लैङ्गिक समानता सूचक, आर्थिक-सामाजिक कार्यसम्पादन सूचक, संस्थागत मूल्याङ्कन सम्बन्धी विश्व सूचकमा र विश्व प्रतिस्पर्धा सम्बन्धी सूचकमा नेपालको एक-एक स्थान सुधार भएको छ। यो सँगै नेपाल विश्वको विकासको मानचित्रमा तीव्र विकास भइरहेको छाप पार्न सफल भएको छ।

५. पूर्वाधार क्षेत्रमा आर्थिक क्रियाकलाप उत्साहजनक रुपमा अघि बढेको छ।

५.१ दुई वर्ष छ महिनाको अवधिमा मात्र विद्युत उत्पादन ३० प्रतिशतले वृद्धि भई १०३१ मेगावाटबाट १३९७ मेगावाट पुगेको छ। आगामी ३ वर्षभित्र कम्तिमा ५ हजार जलविद्युत उत्पादन हुने गरी निर्माण कार्य अघि बढिरहेको छ। विद्युत आपूर्तिको समस्या पूर्ण रुपमा अन्त्य भएको छ।भारतबाट आंशिक रुपमा हुने गरेको विद्युत आयात घट्नुका साथै त्यसतर्फ विद्युत निर्यात समेत हुन थालेकोले खुद विद्युत आयात घटेको छ।

५.२ यस अवधिमा संघीय सरकारको तर्फबाट मात्र कुल ३ हजार ६ सय ४९ कि.मि. कालोपत्रे सडक निर्माण भएको छ। समग्रमा दैनिक औसत ५.१ कि.मि.को दरले सडक कालोपत्रे भइरहेको छ।

५.३ यस अवधिमा ४ सय ९९ पुल निर्माण सम्पन्न भएका छन्।

५.४ आद्योगिक श्रम सम्बन्ध सुमधुर बनेको छ। औद्योगिक क्षेत्रमा बन्द हडताल रोकिएको छ। औद्योगिक क्षेत्रको लगानीमा उल्लेख्य वृद्धि भएको छ। उद्योगमा विद्युत आपूर्तिको समस्या पूर्ण रुपमा अन्त्य भएको छ।

५.५ पर्यटन पूर्वाधारमा विस्तार भइरहेको छ। सन् २०१७ मा पर्यटक आगमन संख्या प्रतिमहिना औसत ७८ हजार रहेकोमा २०१९ मा मासिक औसत १ लाख पुगेको छ। पर्यटन क्षेत्रको आय औसतमा ११ प्रतिशतले वृद्धि भएको छ।

६. श्रम र रोजगारी व्यवस्थित तथा मर्यादित रुपमा अघि बढेको छ।

६.१ मर्यादित श्रमको अवधारणा अनुरुप सरकारले निजी क्षेत्रमा कार्यरत श्रमिकहरुको न्यूनतम ज्यालामा २५ प्रतिशतले वृद्धि र सामाजिक सुरक्षाका प्रावधानहरु लागू गरे पश्चात् श्रमिकहरुको जीवनस्तरमा सुधार हुन थालेको छ।

६.२ उच्च आर्थिक वृद्धिसँगै वार्षिक करिब ४ लाख रोजगारी सिर्जना भएको अनुमान छ। अन्तर्राष्ट्रिय श्रम संगठनको अध्ययन (२००४-१५) अनुसार नेपालमा श्रमको आर्थिक वृद्धिदर सँगको लचकता ०.५७ छ। अर्थात १ प्रतिशतले आर्थिक वृद्धि हुँदा ०.५७ प्रतिशतले रोजगारी बढ्ने देखिन्छ। त्यसैले ७ प्रतिशतको आर्थिक वृद्धिबाट ४ प्रतिशतले रोजगारी वृद्धि भएको अनुमान गरिएको हो।

६.३ लघुवित्त र सहुलियतपूर्ण कर्जा कार्यक्रमबाट स्वरोजगारी बढेको छ। स्वदेशमा रोजगारीका अवसर बढेसँगै वैदेशिक रोजगारीमा जानेको संख्या घटेको छ। गत एक दशकमा प्रतिवर्ष औसत ४ लाखका दरले नेपाली युवा वैदेशिक रोजगारीमा जाने गरेकोमा गत दुई वर्षमा औसत ३ लाख मात्र विदेश गएका छन्। गत वर्ष भने कोभिडका कारण समेत यो संख्या घटेको छ। विप्रेषणमा आधारित अर्थतन्त्र अब क्रमशः आन्तरिक उत्पादन र आयमा आधारित अर्थतन्त्रतर्फ उन्मुख हुन थालेको छ।

६.४ प्रचलित ज्यालादर, तलब, भत्ता लगायतका सुविधामा उल्लेख्य वृद्धिसँगै आधारभूत उपयोगका वस्तुको मूल्य वृद्धिलाई औसत ५ प्रतिशत भित्र सिमित राख्न सकिएकोले श्रमिकको वास्तविक ज्याला वृद्धि भई क्रयशक्तिमा सुधार र गरिब कामदार (Working Poor) को अनुपात घट्दै गएको छ।

७. नेपाल विदेशी लगानीको आकर्षक गन्तव्य हुन थालेको छ।

७.१ सरकारले व्यावसायिक सुधार कार्यमा तिब्रता दिनुका साथै नयाँ नीतिगत र कानूनी व्यवस्थामा सुधार गरेपश्चात् निजी लगानीको आकर्षण थपिएको छ। गतवर्ष सफलतापूर्वक सम्पन्न गरिएको लगानी सम्मेलनको कारण लगानी बोर्ड मार्फत विद्युत (माथिल्लो मर्स्याङ्गदी, मर्स्याङ्गदी बेशी,

माथिल्लो त्रिशुली जलविद्युत तथा ग्रीड कनेक्सन), भक्तपुर र पोखरामा होटल, सवारी साधन उत्पादन र झापामा औद्योगिक पार्क सहित ८ विभिन्न आयोजनाहरु निर्माणको लागि रू.२ खर्ब १० अर्ब बराबरको विदेशी लगानी स्वीकृति भएको छ।

७.२ एकीकृत कृषि परियोजना, बाहिरी चक्रपथ विकास, निजगढ अन्तर्राष्ट्रिय बिमानस्थल र जलविद्युत (तमोर, सुनकोशी पहिलो र दोश्रो, तल्लो अरुण, पश्चिम सेती र एसआर-६) गरी १४ आयोजनाको लागि रु. १४ खर्बभन्दा बढीको विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको छ।

७.३ दुई दशकदेखि प्रतिक्षा गरिएको सार्वजनिक निजी साझेदारी ऐन कार्यान्वयनमा ल्याइएको छ। विदेशी लगानी आकर्षित गर्ने उद्देश्यले औद्योगिक व्यवसाय ऐन, विशेष आर्थिक क्षेत्र ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन लगायत लगानी सम्बन्धी एक दर्जन भन्दा बढी ऐन नियमहरु तर्जुमा र परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ। लगानीकर्तालाई सहज र द्रुत सेवा प्रदान गर्ने उद्देश्यले एकद्वार सेवा कार्यान्वयनमा ल्याइएको छ। यसको नतिजा लगानीको आकडाबाट देखिन थालेको छ। वर्तमान सरकार गठन हुदाँसम्मको एक वर्षको अवधिमा रू.२१ अर्बको प्रत्यक्ष विदेशी लगानी प्रतिबद्धता प्राप्त भएकोमा यो दुई वर्ष छ महिनाको अवधिमा उद्योग विभाग मार्फत रू.९५ अर्ब बराबरको प्रतिबद्धता प्राप्त भएको छ।

७.४ विदेशी लगानी प्रवाहलाई सहजीकरण गर्न नेपालको क्रेडिट रेटिङ्ग गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

७.५ सरकारले आर्थिक प्रणाली र लगानीको वातावरणमा गरेको सुधारको रफ्तार अन्तर्राष्ट्रिय निकायहरुको प्रतिवेदनमा समेत प्रतिबिम्बित हुन थालेको छ। विश्व बैंकको व्यवसाय सहजीकरण सम्बन्धी सूचाकाङ्क (डुइङ विजनेश इन्डेक्स) मा गत वर्ष नेपाल ११० औं स्थानमा रहेकोमा यो वर्ष १६ अंकले सुधार आई ९४ औं स्थानमा उक्लिएको छ ।

७.६ भ्रष्टाचार नियन्त्रण र पारदर्शिता सम्बन्धी सूचकाङ्क (करप्सन पर्सेप्सन इन्डेक्स) मा नेपाल ११ स्थानले बढी १२४ औं स्थानबाट ११३ औं स्थानमा पुगेको छ । विधिको शासनको सूचकमा नेपाल २ स्थान माथि उक्लिन सफल भएको छ।

७.७ विश्व शान्ति सूचक (ग्लोबल पीस इन्डेक्स) मा नेपालले यस वर्ष १२ बिन्दुले सुधार गरी १६५ देशमध्ये नेपाल ७६ औं स्थानमा कायम भएको छ ।

(ग) वित्तीय क्षेत्र

८. नागरिकमा वित्तीय पहुँच उल्लेख्य बढेको छ।

८.१ २०७४ माघमा ३ सय ७४ स्थानीय तहहरुमा मात्र वाणिज्य बैंकहरुको शाखा रहेकोमा २०७७ भाद्रसम्म ७ सय ४७ स्थानीय तहमा वाणिज्य बैंकहरुका कम्तिमा एक

शाखा पुगेको छ। प्रशासनिक केन्द्रको विवाद नभएका र न्यूनतम भौतिक पूर्वाधार भएका बाँकी सबै स्थानीय तहहरुमा यसै आर्थिक वर्षभित्र बैंक शाखा पुऱ्याउने तयारी भइरहेको छ।

८.२ दुई वर्ष अघि बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ५ हजार ७ सय ५१ रहेकोमा हालसम्ममा सो संख्या १.७ गुणाले वृद्धि भई ९ हजार ७ सय ६५ पुगेको छ। एटीएम संख्या २ हजार ६ सय ३८ बाट ४९.५ प्रतिशतले बढी ३ हजार ९ सय ४५ पुगेको छ। मोवाइल बैंकिङ्ग प्रयोगकर्ता ३ गुणाले बढी १ करोड नाघेको छ।

८.३ हाल ६१ प्रतिशत नेपाली नागरिकको वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीमा गरी कम्तीमा एक निक्षेप खाता रहेको छ। लघुवित्तीय संस्था र बचत तथा ऋण सहकारी संस्था समेत गर्दा कम्तीमा ८० प्रतिशत नागरिकमा बैंकिङ्ग पहुँच पुगेको छ।

८.४ २०७४ माघमा बैंक निक्षेप खाता संख्या २ करोड १५ लाख रहेकोमा यो हाल ४७ प्रतिशतले बढी ३ करोड २४ लाख पुगेको छ। साथै कर्जा खाता संख्या २०.५ प्रतिशतले वृद्धि भई १२ लाख ६९ हजार बाट १५ लाख ३० हजार पुगेको छ।

८.५ २०७४ माघमा कर्जाका औसत व्याज ११.९० प्रतिशत रहेकोमा २०७७ असारमा १० प्रतिशत कायम भएको छ। साथै २०७४ माघमा निक्षेपको औसत ब्याज ६.४ प्रतिशत रहेकोमा २०७७ असारमा ६ प्रतिशत कायम भएको छ।

८.६ पूँजी बजारतर्फ हाल सम्ममा बजार पूँजीकरण १९ खर्ब ६५ अर्ब पुगेको छ। शेयर बजार सुधारोन्मुख एवम् गतिशील बनेको छ।

८.७ करिब २२ प्रतिशत नागरिक सहकारी संस्थामा र १४ प्रतिशत नागरिक लघुवित्त वित्तीय संस्थामा आवद्ध भएका छन्।

८.८ दुई वर्ष अघि १० प्रतिशत भन्दा कम नागरिकमा बीमा सेवाको पहुँच रहेकोमा अहिले करिब २३ प्रतिशत नेपाली नागरिकमा बीमाको पहुँच पुगेको छ। वैदेशिक रोजगारीमा गएका नागरिकको बीमा समेत समावेश गर्दा कम्तिमा २७ प्रतिशत नेपाली नागरिकमा वीमाको पहुँच पुगेको स्थिति छ। **कोरोना वीमा समेत गणना गर्दा यो अनुपात करिव ३० प्रतिशत हुन आउछ।**

९. व्याजदर थप पारदर्शी र प्रतिस्पर्धी हुँदै गएकोले वचत र लगानी दुबै प्रोत्साहित भएका छन्।

९.१ लगानीका लागि उपलब्ध हुने पूँजीको लागत घट्दै गएको छ। २०७४ माघमा वाणिज्य बैंकहरुको आधार दर

(Base Rate) औसत १०.२ प्रतिशत रहेकोमा २०७७ भाद्रमा ८.३१ प्रतिशतमा झरेको छ भने निक्षेपको औसत ब्याजदर दुई वर्ष अघि ६.४ प्रतिशत रहेकोमा २०७७ भाद्रमा ५.७७ प्रतिशत पुगेको छ।

९.२ यसरी आधार दरमा सुधार मार्फत कर्जाको व्याजदर घट्ने र निक्षेपको व्याजदर बढ्ने प्रवृत्तिले कर्जा र निक्षेप बीचको औसत व्याजदर अन्तर २०७४ माघमा ५.५ प्रतिशत रहेकोमा हाल घटेर ४.३५ प्रतिशतमा सिमित भएको छ।

९.३ बचत तथा ऋण सहकारी संस्था र लघुबित्त संस्थाहरुको ब्याजदरको सीमा निर्धारण गरिएको छ।

१०. वित्तीय साधन उत्पादनमुखी हुँदै गएको छ।

१०.१ दुई वर्षमा नै वाणिज्य बैंकहरुको कृषि क्षेत्रमा गएको कर्जा रू.१३० अर्बबाट हालसम्ममा रू.३०० अर्ब पुगेको छ भने पर्यटन क्षेत्रमा प्रवाहित कर्जा रू.६५ अर्बबाट रु. १४८ अर्ब पुगेको छ। त्यसैगरी, उर्जा क्षेत्रमा प्रवाहित कर्जा रू.६२ अर्बबाट रू.१५५ अर्ब पुगेको छ।

१०.२ उत्पादनशील क्षेत्र तथा निर्याततलाई प्रोत्साहित गर्ने उद्देश्यले स्थापित पुनर्कर्जा कोष २०७४ माघमा रू.१० अर्ब ८ करोड भएकोमा यसलाई २० गुणाले वृद्धि गरी रू. २ खर्व पुऱ्याइएको छ। सबै प्रदेशहरुमा पुनर्कर्जाको पहुँच सुनिश्चित गरिएको छ।

१०.३ साविकमा कृषि तथा पशुपालनमा मात्र सहुलियतपूर्ण कर्जा प्रवाह हुने व्यवस्था रहेकोमा हाल विभिन्न १० क्षेत्रमा यस्तो कर्जा प्रवाह भइरहेको छ। २०७५ असारमा व्यावसायिक कृषि तथा पशुपालनमा रु. १० अर्ब ६६ करोड सहुलियतपूर्ण कर्जा लगानी रहेकोमा २०७७ असारमा त्यस्तो कर्जा रु. ५४ अर्ब ११ करोड पुगेको छ।२०७७ असारमा कुल रु. ५९ अर्ब ५६ करोड सहुलियतपूर्ण कर्जा लगानीमा रहि सोको ब्याज अनुदान रु. २ अर्ब ९६ करोड प्रदान गरिएको छ।

बैंक तथा वित्तीय संस्थाका लागि सहुलियतपूर्ण कजाको प्रति शाखा लक्ष्य तोकिएको छ। वाणिज्य बैंकले प्रति शाखा कम्तिमा १० र विकास बैंकले प्रतिशाखा कम्तिमा ५ सहुलियतपूर्ण कर्जा दिनु पर्ने व्यवस्था गरिएको छ।

१०.४ कृषि क्षेत्रमा सहुलियतपूर्ण कर्जाको शुरुवात गरे यता २०७४ माघसम्ममा ६ हजार कृषकले यस्तो कर्जा प्राप्त गरेकोमा हालसम्मको अवधिमा सो कर्जा ४ गुणाले वृद्धि भई २०७७ भाद्रमा झण्डै २३ हजारभन्दा बढी कृषकले कृषिमा सहुलियतपूर्ण कर्जा प्राप्त गरेका छन्। यस वाहेक ६ हजार १ सय व्यक्तिले अन्य प्रकारका सहुलियतपूर्ण कर्जा प्राप्त गरेका छन्।

१०.५ नेपाल सरकारले प्रदान गर्ने सबै प्रकारका अनुदानलाई ५० प्रतिशत कायम गर्ने नीति लिइएको छ।

११. वित्तीय क्षेत्र सुदृढ हुँदैछ।

११.१ बैंक तथा वित्तीय संस्थाहरु एकापसमा गाभ्ने र गाभिने नीतिलाई प्रोत्साहित गरिएको कारण हालसम्मको अवधिमा ३५ बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभिने वा प्राप्ति गर्ने प्रक्रियाबाट २० संस्थाहरुको इजाजत खारेज भई ७ संस्था बनेका छन्। ठूला बैंकहरु समेत एक आपसमा गाभिन थालेका छन्।

११.२ वाणिज्य बैंकहरुको खराब कर्जा अनुपात दक्षिण एशियामै सबैभन्दा न्यून रहेको छ। हाल यस्तो अनुपात १.८९ प्रतिशत रहेको छ। बैंक तथा वित्तीय संस्थाहरुको पूँजी पर्याप्तता न्यूनतम ११ प्रतिशत हुनु पर्नेमा २०७७ भाद्रमा १४.१६ प्रतिशत भन्दा बढी रहेको छ।

११.३ उत्पादन अभिवृद्धि र रोजगारी सृजना गर्ने उद्धेश्यले सरकारी निकायहरुबाट स्थापित कोषहरु बैंक तथा वित्तीय संस्थाहरु मार्फत सञ्चालन गर्ने नीति अनुरुप ग्रामीण स्वावलम्बन कोषलाई साना किसान विकास लघुवित्त वित्तीय संस्थामा हस्तान्तरण गरी सञ्चालनमा ल्याइएको छ।

११.४ सरकार संलग्न वित्तीय संस्थाको कारोबार र मुनाफा आर्जनमा उल्लेख्य सुधार आएको छ। केही वर्ष अघिसम्म ऋणात्मक पूँजी कोष भएका सरकारको स्वामित्वमा रहेका वाणिज्य बैंकहरुले उल्लेख्य मुनाफा

आर्जन गर्न थालेका छन्। राष्ट्रिय वाणिज्य बैंक मुलुकको सबैभन्दा बढी नाफा कमाउने बैंकको रुपमा स्थापित भएको छ। वीमा कम्पनीहरुको लेखापरीक्षण अद्यावधिक हुदैछ। नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषहरुको कार्य जिम्मेवारी र संरचना परिमार्जनको क्रममा छ। निक्षेप तथा कर्जा सुरक्षण कोष लगायत अन्य संस्थाहरुको संस्थागत र वित्तीय क्षमता सुदृढ बनाइएको छ।

११.५ बैंक तथा वित्तीय संस्थाहरुमा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (NFRS) लागू गरिएको छ।

११.६ अन्तर्राष्ट्रिय जगतमा नेपालको वित्तीय साख अभिवृद्धि गर्न २०७६ माघदेखि ठूला वित्तीय कारोबारको अनुगमन goAML Software मार्फत हुने व्यवस्था गरिएको छ।

११.७ यस अवधिमा वित्तीय संस्थाका पदाधिकारीहरुको लागि आचार संहिता निर्माण, व्याजदर र सेवा शुल्क निर्धारणमा थप पारदर्शीता, लेखा पद्धतिमा सुधार, विद्युतीय प्रविधिको उपयोगमा वृद्धि लगायतका नीतिगत र प्रक्रियागत सुधारले वित्तीय क्षेत्रमा सुशासन पक्ष सुदृढ हुनुको साथै नागरिकमा सेवा गुणस्तर अभिवृद्धि भएको छ।

१२. भुक्तानी प्रणालीलाई विद्युतीय प्रविधियुक्त बनाई विद्युतीय कारोबारलाई प्रोत्साहित गरिएको छ।

१२.१ भुक्तानी प्रणाली सहज र सरल बनाउनुको साथै कारोवार तत्काल फरफराक गराउने उद्देश्यले वास्तविक समयको भुक्तानी प्रणाली (Real Time Gross Settlement, RTGS) कार्यान्वयनमा ल्याइएको छ। डिजिटल नेपाल फ्रेमवर्कले निर्दिष्ठ गरेका रणनीति अनुरुप आर्थिक कारोबार विद्युतीय माध्यमबाट गर्न Connect IPS, मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, QR Code लगायतका विद्युतीय भुक्तानीका उपकरणहरु प्रयोगमा ल्याइएको छ।

१२.२ खानेपानी र विद्युत सेवा शुल्क विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिने पद्धतिको शुरुवात गरिएको छ।

१२.३ भुक्तानी प्रणालीमा कार्ड र इन्टरनेटको प्रयोगलाई प्रोत्साहन गर्न विद्युतीय माध्यमबाट गरिने भुक्तानीको सीमा बढाइएको छ।

१२.४ नेशनल पेमेन्ट गेटवेको स्थापना गरी भुक्तानी प्रणालीको फरफारक नेपालमा नै हुने व्यवस्था सम्बन्धि कार्य अन्तिम चरणमा पुगेको छ।

१३. वित्तीय क्षेत्रमा कानूनी सुधारले गति लिएको छ।

१३.१ नागरिक लगानी कोष ऐन संशोधन गरिएको छ। नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, बीमा ऐन, धितोपत्र बोर्ड ऐन लगायतका वित्तीय क्षेत्रसँग सम्बन्धित विभिन्न ऐनहरु परिमार्जनको लागि संघीय

संसदमा पेश गरिएको छ। कर्जा सूचना केन्द्र सम्बन्धी ऐन तर्जुमा गरी संघीय संसदमा पेश गरिएको छ।

१३.२ सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्न भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ कार्यान्वयनमा ल्याइएको छ।

१३.३ नेपालको बैंकिङ्ग क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरमा तुलनायोग्य र प्रतिस्पर्धी बनाउन वासेल-३ लगायत नियमन तथा सुपरिवेक्षणका क्षेत्रका अन्तर्राष्ट्रिय असल अभ्यासहरु लागू गरिएको छ। सुपरीवेक्षकीय सूचना प्रणाली (Supervisory Inspection System, SIS) संचालनमा ल्याउने तयारी अन्तिम चरणमा पुगेको छ।

१३.६ बैंक तथा वित्तीय संस्थामा रहेको २ करोड ६६ लाख जनताको ७ खर्ब १६ अर्ब निक्षेप सुरक्षण गरिएको छ।

१३.७ बैंक तथा वित्तीय संस्थाबाट लगानी भएको रु. ६४ करोडबाट खरिद भएको १० हजार ३ सय १२ पशुधन सुरक्षण गरिएको छ।

१३.८ लघुवित्त तथा विपन्न क्षेत्रमा ८ लाख ८४ हजार ७ सय ४४ जना ऋणीमा लगानी गरिएको ६९ अर्ब ७३ करोड, साना तथा मझौला कर्जा क्षेत्रमा १ हजार ४ सय १५ जना ऋणीमा लगानी गरिएको २ अर्ब ४४ करोड, कृषि कर्जा क्षेत्रमा ३ हजार ८ सय ९७ जना ऋणीमा लगानी गरिएको २ अर्ब ७१ करोड र सहुलियत कर्जा क्षेत्रमा

लगानी गरिएको ५ अर्ब ८७ करोड गरी ९ लाख ६ सय २२ जना ऋणीमा लगानी गरिएको ८० अर्ब ७५ करोड कर्जा सुरक्षण गरिएको छ।

१४. लगानीको आवश्यकता परिपूर्ति गर्न थप साधन परिचालनमा जोड दिइएको छ।

१४.१ बैंक तथा वित्तीय संस्थाहरुलाई विदेशी संस्थागत निक्षेपकर्ता तथा गैहृआवासीय नेपालीलाई विदेशी मुद्रामा निक्षेप परिचालन गर्न प्रोत्साहित गरिएको छ। यस्तो निक्षेपको शत प्रतिशतसम्म कर्जा प्रवाह गर्न सकिने व्यवस्थाहरु कार्यान्वयनमा ल्याइएको छ।

१४.२ विदेशी ऋण लगानीलाई प्रोत्साहित गर्न मौजुदा हेजिङ्ग नियमावलीमा आवश्यक संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ।

१४.३ अन्तर्राष्ट्रिय वित्त निगमलाई २० मिलियन अमेरिकी डलर बराबरको नेपाली मुद्रामा अंकित वण्ड जारी गर्न स्वीकृत दिएको।

१५. पूँजी बजारको विकासको लागि कर प्रणालीले प्रोत्साहित गरेको छ।

१५.१ धितोपत्रको बिक्रीबाट प्राप्त पूँजीगत लाभमा असुल हुँदै आएको पूँजीगत लाभकर ७.५ प्रतिशतबाट घटाई ५

प्रतिशत कायम गरिएको र यो करलाई करदाताले माग गरेमा अन्तिम करकट्टी मान्ने व्यवस्था गरिएको।

१५.२ वास्तविक क्षेत्रका कम्पनीलाई धितोपत्र बजारमा सूचिकृत हुन प्रोत्साहित गर्न कर छुटको व्यवस्था गरिएको छ।

१५.३ रू.५० करोड वा सोभन्दा बढी चुक्ता पूँजी भएका प्राईभेट लिमिटेड कम्पनीले पब्लिक लिमिटेड कम्पनीमा रुपान्तरण भएमा भुक्तानी गर्नुपर्ने आयकरमा केही छुट दिने व्यवस्था गरिएको छ।

१५.४ मनि ट्रान्सफर, पूँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्ग व्यवसाय, कमोडिटी फ्यूचर मार्केट र धितोपत्र तथा कमोडिटी दलाल लगायतका वित्तीय सेवामा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था गरिएको छ।

१६. पूँजी बजारको दायरा विस्तार हुनुको साथै कारोबार विद्युत्तीकरण भएको छ।

१६.१ २०७५ कार्तिकदेखि नेप्सेको दोस्रो बजार कारोबार अनलाइन प्रणाली मार्फत शुरु गरिएको छ। सबै जिल्लाहरुबाट आस्वा प्रणाली मार्फत प्राथमिक बजारमा लगानी गर्न सक्ने व्यवस्था गरिएको छ। हाल करिब ९९ प्रतिशत कारोबार अनलाईन मार्फत भइरहेको छ। धितोपत्रको कारोबार गर्ने समय दैनिक १ घण्टा थप गरिएको छ।

१६.२ धितोपत्रको दोस्रो बजारमा थोक कारोबार गर्न रू.५ अर्बको चुक्ता पूँजी भएको स्टक डिलर कम्पनी दर्ता भई सञ्चालनमा आएको छ। ऋणपत्र बजार विस्तार भएको छ।

१६.३ धितोपत्र बजारमा नागरिकको पहूँच अभिवृद्धि गर्न सार्वजनिक निष्काशनमा न्यूनतम १० कित्तासम्मको शेयरको लागि आवेदन दिन पाउने व्यवस्था गरिएको छ।

१६.४ कम्पनीहरुको क्रेडिट रेटिङ पश्चात् मात्र धितोपत्र सार्वजनिक निष्कासन गर्नु पर्ने व्यवस्था गरिएको छ। स्टार्ट अप, प्राइभेट इक्विटी, भेन्चर क्यापिटल प्रवर्द्धन गर्न वैकल्पिक लगानी कोषको व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

१६.५ यस अवधिमा विशिष्टिकृत लगानी कोष नियमावली, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, सामूहिक लगानी कोष नियमावली, धितोपत्र व्यवसायी (मर्चेन्ट बैकर) नियामावली र धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र ब्यापारी) नियमावलीहरु संशोधन गरिएको छ।

(घ) राजस्व प्रणाली

१७. करको दायरा, सेवाको पहुँच र कर कानूनको परिपालना उल्लेख्य बढेको छ।

१७.१ २०७४ माघसम्ममा स्थायी लेखा नम्बर लिनेको संख्या १६ लाख ९६ हजार रहेकोमा यस अविधमा यो संख्या दोब्बरभन्दा बढीले बृद्धि भई २०७७ भाद्र १७ सम्ममा ३४ लाख ०४ हजार पुगेको छ।

१७.२ मूल्य अभिवृद्धि करमा दर्ता हुनेको संख्या २०७४ माघमा १ लाख ६७ हजार रहेकोमा यस अवधिमा डेढ गुणाभन्दा बढीले बृद्धि भई २०७७ भाद्र १७ सम्ममा २ लाख ६० हजार पुगेको छ।

१७.३ २०७४ माघ सम्म अन्तःशुल्क इजाजत पत्र प्राप्त गर्ने करदाता ५६ हजार रहेकोमा यस अवधिमा ७३ प्रतिशतले वृद्धि भई ९९ हजार पुगेको छ।

१७.४ एक व्यक्ति एक स्थायी लेखा नम्बरको नीतिलाई कार्यान्वयन गर्न जुनसुकै सेवाग्राहीले जुनसुकै आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट व्यक्तिगत स्थायी लेखा नम्बर लिन सकिने व्यवस्था मिलाइएको छ।

१७.५ कर बक्यौता नभएका करदाताहरुको लागि आन्तरिक राजस्व विभागको प्रणालीमार्फत स्वतः कर चुक्ता प्रमाणपत्र जारी हुने गरी कम्प्युटर प्रणालीमा सुधार गरी सो व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

१७.६ कोभिड १९ को संक्रमणबाट प्रभावित-कारोबारमा कर छुट सहुलियत प्रदान गरी व्यवसाय पुनरुत्थान गर्न देहाय

बमोजिमको व्यवस्था गरिएको:

- वार्षिक बीस लाख रुपैयाँसम्मको कारोबार वा दुई लाखसम्म आय हुने करदातालाई आय वर्ष २०७६/७७ मा लाग्ने करमा पचहत्तर प्रतिशत छुट।
- कारोबारको आधारमा कर बुझाउने वार्षिक बीस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्मको कारोबार भएका करदातालाई आय वर्ष २०७६/७७ मा लाग्ने करमा पचास प्रतिशत छुट।
- वार्षिक एक करोड रुपैयाँसम्मको कारोबार भएका व्यक्तिलाई आय वर्ष २०७६/७७ मा आयकर ऐन २०५८ बमोजिम लाग्ने करमा पच्चीस प्रतिशतले छुट।
- होटल, ट्राभल, ट्रेकिङ्ग, यातायात वा हवाई सेवाको वार्षिक एक करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने व्यक्तिलाई आय वर्ष २०७६/७७ मा आयकर ऐन२०५८ बमोजिम लाग्ने करमा बीस प्रतिशतले छुट।
- कोभिड १९ रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक औषधि, स्वास्थ्य समाग्री तथा उपकरणमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट।
- हवाई इन्धनमा पूर्वाधार विकास कर हटाइएको छ।
- आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले स्थापना गरेको कोरोना संक्रमण

रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा घटाउन सक्ने व्यवस्था गरिएको छ।

- स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकम २०७७ साल चैत्र मसान्तभित्र सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरेमा आयकर छुट हुने व्यवस्था गरिएको छ।
- औषधि उद्योगले औषधि उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र प्याकिङ्ग मेटेरियल स्वदेशी उद्योगबाट खरिद गरेमा उक्त खरिदमा तिरेको कर फिर्ता हुने व्यवस्था मिलाइएको छ।

१७.७ आन्तरिक राजस्व विभागको तेस्रो सुधार कार्ययोजना (२०१९-२०२२) तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ।

१७.८ यस अवधिमा थप ३३ करदाता सेवा कार्यालय, १ मध्यमस्तरीय करदाता कार्यालय, २ आन्तरिक राजस्व कार्यालय स्थापना गरिएको र ९ करदाता सेवा कार्यालयलाई आन्तरिक राजस्व कार्यालयमा रूपान्तरण गरिएको। साथै ७ छोटी भन्सार कार्यालयहरुलाई मूल भन्सार कार्यालयमा स्तरोन्नति र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नयाँ भन्सार कार्यालय स्थापना गर्ने निर्णय गरिएको छ।

१७.९ राजस्व परिचालन तथा व्यवस्थापनका सम्बन्धमा नियमित रुपमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी नेपाल सरकारलाई आवश्यक सुझाव दिन तथा सिफारिश गर्न नेपाल राजस्व परामर्श विकास समिति (गठन) आदेश, २०७६ बमोजिम स्थायी संरचनाको रुपमा नेपाल राजस्व परामर्श समितिको गठन गरी कार्य आरम्भ गरिएको छ।

१८. आयातमा आधारित राजस्व प्रणाली आन्तरिक उत्पादनमुखी हुँदै गएको छ।

१८.१ २०७४ माघमा कुल कर राजस्वमा आयातबाट संकलन हुने राजस्वको अंश ४९ प्रतिशत रहेकोमा यस अवधिमा ३७.७२ प्रतिशतमा झरेको छ भने आन्तरिक राजस्वको अंश ५१ प्रतिशतबाट बढी ६२.२८ प्रतिशत पुगेको छ।

१८.२ आर्थिक वर्ष २०७६/७७ को पहिलो ८ महिनामा आयकर गत वर्षको सोही अवधिको तुलनामा २९.३ प्रतिशतले र आन्तरिक मूल्य अभिवृद्धि कर ३६ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक वर्ष २०७४/७५ को पहिलो ६ महिनामा यस्ता करहरुको वृद्धिदर क्रमशः १२.५ प्रतिशत र २१.६ प्रतिशत रहेको थियो। २०७६ चैत्र महिनादेखि कोभिड-१९ रोगको महामारी नियन्त्रण रोकथाम तथा उपचारका लागि चालिएका कदमबाट औद्योगिक, व्यापारिक, सेवा लगायत समग्र आर्थिक क्षेत्र प्रभावित हुन पुग्यो। यसका बाबजुद आर्थिक वर्ष

२०७६/७७ को संशोधित लक्ष्य बराबरको राजस्व संकलन भएको छ। आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनाको राजस्व लक्ष्यको तुलनामा ११० प्रतिशत संकलन भएता पनि पुनः कोभिड-१९ रोगको प्रभाव बढ्दै गएका कारण लगाइएको निषेधाज्ञाले राजस्व संकलन पुनः प्रभावित हुन पुगेको छ।

१९. राजस्व प्रणालीलाई प्रगतिशील र समन्यायिक बनाइएको छ।

१९.१ प्राकृतिक व्यक्तिको आयमा भुक्तानी गर्नुपर्ने १५ प्रतिशत र २५ प्रतिशतको आयकरको दरलाई परिवर्तन गरी १० प्रतिशत, २० प्रतिशत र ३० प्रतिशत गरिएको छ।

१९.२ आय कर छुटको सीमा वृद्धि गरी व्यक्तिको लागि रू.४ लाख र दम्पतिको लागि रू.४ लाख ५० हजार कायम गरिएको छ।

१९.३ मौलिक हकको रुपमा रहेको शिक्षालाई सर्वसुलभ बनाउने उद्देश्यले निजी शैक्षिक संस्थाले तिर्ने शिक्षा सेवा शुल्क खारेज गरिएको छ। सामुदायिक शिक्षण संस्थाहरुले विद्यार्थी ओसारपसार गर्ने प्रयोजनको लागि बस पैठारी गर्दा लाग्ने भन्सार महसुलमा ७५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ।

१९.४ स्वास्थ्य सेवालाई गुणस्तरीय र पहूँचयोग्य बनाउन विगतदेखि असूल हुदै आएको स्वास्थ्य सेवा कर खारेज

गरिएको छ। स्वास्थ्य सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर समेत खारेज गरिएको छ।

१९.५ सामुदायिक संस्थाबाट सञ्चालन गरिएका स्वास्थ्य संस्थाहरुको करयोग्य आयमा लाग्ने करमा २० प्रतिशतको छुट दिने व्यवस्था गरिएको छ।

१९.६ जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई सम्बन्धी उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकममा आयकर छुट हुने व्यवस्था गरिएको छ।

१९.७ सहकारी ऐन बमोजिमको छुट सुविधा प्रदान गर्न वित्तीय कारोबार गर्ने सहकारीलाई महानगरपालिकामा १०, उपमहानगरपालिकामा ७ र नगरपालिकामा ५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था गरिएको। साथै, गाउँपालिकामा क्षेत्रमा सञ्चालित वित्तीय कारोबार गर्ने सहकारीलाई आयकर नलाग्ने व्यवस्था गरिएको छ।

१९.८ औद्योगिक व्यवसाय ऐन, २०७६ मा रहेको कर छुट सम्बन्धी व्यवस्था र आयकर ऐनमा रहेका छुट सम्बन्धी व्यवस्थाबीच तादाम्यता मिलाइएको छ।

२०. राजस्व प्रणालीले उत्पादन र रोजगारी सिर्जनालाई प्रोत्साहित गरेको छ।

२०.१ उद्योगहरुलाई उत्पादन र रोजगारीको सिर्जनाको आधारमा आयकर छुटको व्यवस्था गरिएको छ।

२०.२ व्यावसायिक खेती, पशुपंछीपालन र जडिवुटी खेती गर्नेलाई निश्चित मापदण्डको आधारमा कर छुटको व्यवस्था गरिएको छ।

२०.३ स्वदेशमा आत्मनिर्भर भएका वस्तु उत्पादन गर्ने उद्योगको संरक्षण गरी व्यापार घाटा क्रमश घटाउंदै लैजाने सरकारको नीति अनुरुप त्यस्ता वस्तुको पैठारीमा लाग्ने भन्सार महसुल दर वढाइएको छ।

२०.४ औद्योगिक संरक्षणका लागि तयारी वस्तु भन्दा कच्चा पदार्थको भन्सार दर न्युनतम एक तह फरक हुने तथा उद्योगका आधारभुत मेशिनरीको महसुल न्युनतम गर्ने नीति लिइ भन्सारका दरहरू समायोजन गरिएको छ।

२०.५ स्वदेशमा उत्पादित वस्तुको संरक्षणका लागि आर्थिक ऐन, २०७७ मार्फत १ दर्जन भन्दा बढी वस्तुको आन्तरिक उत्पादनमा अन्तःशुल्क हटाइएको छ। साथै, स्वदेशमा उत्पादन हुने वाइनमा लाग्ने अन्तःशुल्कमा पैतिस प्रतिशत तथा साइडरमा लाग्ने अन्तःशुल्कमा चालिस प्रतिशत छुट हुने व्यवस्था गरिएको र नेपालमा एसेम्बल्ड हुने सवारी साधनमा पचास प्रतिशत छुट हुने व्यवस्था गरिएको छ।

२०.६ अनावश्यक र मानव स्वास्थ्यमा असर गर्ने वस्तुहरूको पैठारी रोक्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मातहतका प्रयोगशाला र अन्य प्रयोगशाला भन्सार

विन्दुमा नै स्थापना गरी गुणस्तर एकीन गरी गुणस्तर जाँच गर्ने गरिएको छ।

२०.७ नव प्रवर्तन गर्ने प्रकृतिका व्यवसायलाई करको दायरामा आउन प्रोत्साहित गर्न विगतको कर दायित्व फरफारक गर्ने व्यवस्था मिलाइएको छ।

२१. कर प्रणाली पारदर्शी र अनुमानयोग्य बनाइएको छ।

२१.१ मूल्य अभिवृद्धि करको स्थापित मान्यता अनुरुप बिक्रीको आधारमा उत्पादक र विक्रेतालाई प्रदान गर्ने गरिएको मूल्य अभिवृद्धि कर फिर्ताको व्यवस्था खारेज गरिएको छ।

२१.२ ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति भएको वस्तु वा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा दाखिला भएको ५० प्रतिशत मूल्य अभिवृद्धि कर लगातार चार महिनासम्म तिर्नुपर्ने करमा मिलान नभएमा फिर्ता दिने व्यवस्था मिलाइएको छ।

२१.३ व्यवसायको वित्तीय विवरण तयार गर्दा र प्रयोग गर्दा बैंक र कर प्रयोजनका लागि छुट्टाछुट्टै विवरण पेश गर्ने विकृतिको अन्त्य गरी वित्तीय विवरणमा एकरुपता ल्याउने पद्धतिको विकास गरिएको छ।

२१.४ वैदेशिक लगानीलाई प्रोत्साहित गर्न बंगलादेशसँग दोहोरो कर उन्मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौता

भएको छ भने संयुक्त अधिराज्य बेलायत, मलेशिया र सिंगापुरसँग यस प्रकारको सम्झौता गर्ने प्रक्रियामा रहेको छ।

२१.५ Belt and Road Initiative मा आबद्ध भएका मुलुकहरुबीचको कर प्रशासनबीच आवश्यक समन्वय र प्राविधिक सहयोग आदानप्रदानको लागि स्थापना गरिएको BRITACOM मा नेपाल संस्थापक सदस्य रहेको छ।

२१.६ नेपाल सरकारको तर्फबाट हुने सबै प्रकारको भुक्तानी र रू.१० लाखसम्मको राजस्व संकलन विद्युतीय माध्यमबाट गर्न सकिने व्यवस्था गरिएको छ। बैंकका जुनसुकै शाखाबाट राजस्व बुझाउन सकिने व्यवस्था मिलाइएको छ।

२१.८ राजस्व भुक्तानीका लागि करदाता बैंकसम्म जान नपर्ने र विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिने व्यवस्था सहित विद्युतीय भुक्तानी सम्बन्धी सेवा प्रदायक संस्थालाई राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) मा आवद्ध गर्ने व्यवस्था मिलाइएको छ।

२१.९ कर छलीको जोखिम घटाउन निश्चित प्रकृतिका कारोबार गर्ने करदाताले अनिवार्य रुपमा विद्युतीय माध्यमबाट बिजक जारी गर्ने व्यवस्था गरिएको छ। हालसम्म ५ हजार १ सय भन्दा बढी करदाता यो प्रणालीमा समेटिएका छन्।

२१.१० विकृतिको जडको रुपमा रहेको कर फछर्यौट आयोग ऐन, २०३३ खारेज गरिएको छ। राजस्व परिचालनमा संलग्न पदाधिकारी र कर्मचारीहरुको सदाचारिता कायम गरिएको छ।

२१.११ भन्सार प्रशासनको कार्यलाई पारदर्शी, प्रविधिमुखी, व्यवसायिक, व्यापार सहजीकरण मैत्री र अन्तर्राष्ट्रिय स्तरको बनाउन संसोधित क्योटो अभिसन्धि को प्रावधान र विश्व व्यापार संगठनको सक्रियतामा भएको व्यापार सहजीकरण सम्झौतामा भएको प्रावधानलाई समेटी नयाँ भन्सार विधेयक संघीय संसदमा पेश गरिएको छ।

२२. भन्सार प्रणाली स्वचालित हुने पद्धतिको विकास गरिएको छ।

२२.१ भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कन यथार्थपरक बनाइएको छ। नेपालमा पहिलो पटक ASYCUDA World मा भन्सार मूल्याङ्कन प्रणालीको विकास गरी भन्सार मूल्याङ्कनलाई स्वचालित बनाईएको छ।

२२.२ आसिकुडा प्रणाली मार्फत सेवाग्राहीले आफूले आयात र निर्यात गर्न लागेको मालवस्तुको विवरण तथा भन्सारमा पेश गर्नुपर्ने कागजात विद्युतीय माध्यमबाट पेश गर्ने र जाँचपास सम्बन्धी जानकारी विद्युतीय माध्यमबाट प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ।

२२.३ सबै मूल भन्सार कार्यालयमा बैंक काउन्टरको स्थापना गरी भन्सार कार्यालयमा हुने नगद कारोवारको अन्त्य गरिएको छ।

२२.४ भन्सार जाँचपास प्रक्रियाको लागि २४ ठूला भन्सार कार्यालयहरुमा आशिकुडा प्रणाली विस्तार गरिएको छ। यो संगै नेपालको कुल वैदेशिक व्यापारमा ९९.८ प्रतिशत व्यापार आशिकुडा प्रणालीको दायरामा आएको छ। त्यसैगरी, १६ भन्सार कार्यालयहरुमा आईपी क्यामरा मार्फत दैनिक अनुगमन गर्ने व्यवस्था मिलाइएको छ।

२२.५ लामो समय देखि निर्माणाधीन अवस्थामा रहेका वीरगञ्ज तथा विराटनगरमा एकीकृत जाँच चौकी (ICP) निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ। साथै तातोपानीको लार्चामा सुख्खा बन्दरगाह निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइएको तथा रसुवाको टिमुरेमा सुख्खा बन्दरगाह तथा एकीकृत जाँच चौकी निर्माण भइरहेको छ।

२२.६ व्यापार सहजीकरण र ढुवानी लागत एवम् समय कम गर्न कलकत्ता र विशाखापट्टनम बन्दरगाहबाट आयात हुने मालवस्तुमा विद्युतीय मालवस्तु ट्र्याकिङ्ग प्रणाली लागू गरिएको छ। रेलवेबाट ढुवानी हुने मालवस्तु छुटाउनका

लागि कलकत्ता बन्दरगाहमा विगतमा आवश्यक पर्ने भन्सार एजेन्टको व्यवस्था आवश्यक नपर्ने भएको छ।

२२.७ नेपालको भन्सार प्रशासन र चीनियाँ भन्सार प्रशासनबीच भन्सार सहयोग सम्झौता भएको छ।

२२.८ गुणस्तर नखुलेका, कमसल गुणस्तर भएका र मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने मालवस्तुको आयात नियन्त्रण गर्ने नीति लिइएको छ। आयातित वस्तुको प्याकेजिङमा ब्राण्ड, लेवल आदि अनिवार्य रुपमा खुलाउनुपर्ने व्यवस्था गरिएको छ।

२२.९ अन्तर्राष्ट्रिय व्यापारसँग सम्बन्धित ४१ निकायहरुको सेवा एकै ठाउँबाट उपलब्ध गराई व्यापार सहजिकरणको लागि Nepal National Single Window प्रणाली एक वर्षभित्र सञ्चालनमा ल्याउने गरी तयारीको काम भइरहेको छ।

२३. गैरकर राजस्वलाई समसामयिक बनाइएको छ।

२३.१ लामो समयदेखि यथावत रहेका गैरकर राजस्वका दरहरुमा समय सापेक्ष परिमार्जन गरिएको छ।

२३.२ सञ्चित कोषमा जम्मा हुनु पर्ने राजस्व विभिन्न निकायमा कोष खडागरी जम्मा गर्ने प्रवृतिलाई निरुत्साहित गरिएको छ। त्यस्ता कोषहरुमा जम्मा भएको रकम नेपाल सरकारको सञ्चित कोषमा दाखिला गरिएको छ।

२३.३ विगतमा घाटामा रही सरकारलाई दायित्व सिर्जना गर्ने वित्तीय संस्थाहरु सुदृढ भई ती संस्थाबाट सरकारले लाभांश प्राप्त गरेको छ।

२४. राजस्व चुहावट नियन्त्रण प्रभावकारी बन्दै गएको छ।

२४.१ यस अवधिमा १८ हजार ७ सय ४९ करदाताको कारोवार स्थलमा बजार अनुगमन गरिएको छ। यस क्रममा देखिएका कैफियतहरुका आधारमा रु. १ अर्ब ३३ करोड कर निर्धारण गरिएको छ।

२४.२ आयातदेखि खुद्रा तहसम्म वस्तुको ओसारपसारमा बिजक र प्रज्ञापनपत्रको दोहोरो प्रयोग हुने सम्भावनाको अन्त्य गर्ने बिक्री तहसम्मका मालवस्तु ढुवानी ट्र्याकिङ्ग गर्ने प्रणालीको (VCTS) शुरुवात गरी यसको प्रभावकारी कार्यान्वयन गरिएको छ। हालसम्म ९०,००० भन्दा वढी प्रयोगकर्ताले यस प्रणालीलाई प्रयोगमा ल्याएको छ।

(ङ) बजेट प्रणाली

---

२५. बजेट प्रणाली पारदर्शी बनाइएको छ।

२५.१ आयोजनाहरूमा स्रोत सुनिश्चित नभइकनै ठूलो आर्थिक दायित्व सिर्जना गर्ने परिपाटीको अन्त्य गर्दै निर्दिष्ट समय, लागत र गुणस्तरमा आयोजनाहरू सम्पन्न गर्न बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। बहुवर्षिय ठेक्का व्यवस्थापन सम्बन्धी

मौजुदा मापदण्डलाई थप व्यवस्थित गर्न परिमार्जनको चरणमा रहेको छ।

२५.२ वार्षिक लक्ष्य नघट्ने गरी क्रियाकलपापमा कुनै संशोधन गर्न र एउटै खर्च शिर्षकको २५ प्रतिशत सम्म थप/घट रकमान्तर गर्न सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई अधिकार दिइ कार्यप्रक्रिया सरलीकरण बनाइएको छ।

२५.३ वित्तीय उत्तरदायित्वलाई संस्थागत गर्न आवश्यक कानूनी व्यवस्था गर्ने दशकौं देखिको प्रयासलाई मूर्तरुप दिँदै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

२५.४ मन्त्रालयगत बजेट सूचना प्रणालीलाई स्तरोन्नती गरिएको। मन्त्रालयगत बजेट सूचना प्रणाली र एकल कोष प्रणालीलाई एकिकृत गर्ने क्रममा रहेको छ। बजेट खर्च प्रणालीलाई क्रियाकलापमा आधारित बनाइएको छ।

२५.५ मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) लाई सुदृढ बनाई बजेट तर्जुमा प्रक्रियालाई पूर्ण रूपमा सूचना प्रविधिमा आधारित बनाइएको छ। प्रदेश र स्थानीय तहमा बजेट तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण गर्न, खर्चको लेखाङ्कन, अभिलेखीकरण र एकीकृत विवरण तयार पार्न प्रदेशमा PLMBIS र स्थानीय तहमा SUTRA कार्यान्वयनमा ल्याइएको छ।

२५.६ मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्टि भएका कार्यक्रम र आयोजनाहरु विनियोजन ऐन प्रारम्भ भएको दिनदेखि नै स्वतः स्वीकृत हुने व्यवस्था गरिएको छ।

२५.७ बजेट प्रणालीमा आन्तरिक ऋणबाट खर्च व्यहोरिने स्रोत अलग्गै देखिने व्यवस्था मिलाई विकास खर्चमा मात्र आन्तरिक ऋण परिचालन हुने व्यवस्था मिलाईएको छ। बजेट कार्यान्वयनको स्थिति, खर्चको आवश्यकता एवं राजस्व परिचालनको स्थिति समेत विश्लेषण गरेरमात्र आन्तरिक ऋण परिचालन गर्ने परिपाटीको थालनी गरिएको छ। सो अनुसार गत आर्थिक वर्ष बजेटमा तोकिएको लक्ष्य भन्दा कम आन्तरिक ऋण परिचालन गरिएको थियो। सरकारी ऋण व्यवस्थापन गर्न सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

२६. चालू खर्च मितव्ययी बनाउदै पूँजीगत खर्चको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न प्रणालीगत सुधार गरिएको छ।

२६.१ मौसमी प्रतिकूलताका कारण हिमाली तथा उच्च पहाडी जिल्लाहरूमा विनियोजित बजेटमध्ये आर्थिक वर्षको अन्त्यमा खर्च हुन बाँकी रकम अर्को आर्थिक वर्षको आरम्भदेखि नै खर्च गर्न पाउने व्यवस्था मिलाइएको छ।

२६.२ तोक आदेशबाट आयोजना छनौट गर्ने विगतको परिपाटीको अन्य गर्दै राष्ट्रिय आयोजना बैंक मार्फत आयोजना छनौट र प्राथमिकरण गर्ने कार्यको शुरुवात गरिएको छ। आयोजना बैंकको स्वीकृति र मध्यकालिन खर्च संरचनामा समावेश भएका आयोजनाहरु मात्र बजेटमा समावेश हुने प्रणालीको विकास गरिएको छ।

२६.३ विगतदेखि निर्माण आरम्भ भएका तर स्रोतको न्यूनताले गर्दा सम्पन्न हुन नसकेका अधुरा आयोजनाहरू शिघ्र सम्पन्न गर्न कार्य प्रगतिका आधारमा र रनिङ्ग बिलको आधारमा निकासा दिने व्यवस्था मिलाइएको छ।

२६.४ बजेटमाथि पर्ने निवृत्तभरणको असिमित दायित्व नियन्त्रण गर्न योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गरिएको छ।

२६.५ कृषि, सहकारी लगायत अन्य क्षेत्रमा प्रदान गरिने अनुदानको दुरुपयोग नियन्त्रण गर्न अनुदानको मापदण्ड परिमार्जन कार्य अन्तिम चरणमा रहेको छ।

२६.६ सार्वजनिक खर्चमा मितव्ययिता अपनाउन मितव्ययिता सम्बन्धी नीतिगत मार्गदर्शन र वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याइएको छ। कार्यालय भवन, कार्यकक्ष र सवारी साधन उपयोगको मापदण्ड तयार गर्ने कार्य अघि बढेको छ। सार्वजनिक

खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड स्वीकृतिको चरणमा रहेको छ।

२६.७ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थापित Action Room मार्फत राष्ट्रिय गौरव र ठूला आयोजनाहरुको अनुगमन गरी कार्य सहजीकरण तथा निर्देशन दिने व्यवस्थाको थालनी भएको छ। मन्त्रालयगत र अन्तर मन्त्रालयगत नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन कार्य प्रभावकारी बनाइएको छ।

२७. लेखा प्रणालीलाई सुदृढ गरी अन्तर्राष्ट्रिय स्तरको बनाइएको छ।

२७.१ लेखा ढाँचामा पुनरावलोकन गरी संघ र प्रदेश सरकारका निकायहरूमा नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standards, NPSAS) लागू गरिएको छ। सबै केन्द्रीय निकाय र प्रदेश सरकारले सो अनुसारको वित्तीय प्रतिवेदन तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने थालनी भएको छ।

२७.२ तीन तहका सरकारहरूको आम्दानी, खर्च र सम्पत्ति तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड (GFS 2014) अनुरूप हुने गरी आर्थिक संकेत निर्धारण तथा वर्गीकरण गरिएको छ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी नयाँ मापदण्ड तर्जुमा गरी स्वीकृतिको चरणमा रहेको छ।

२७.३ सबै कोष तथा लेखा नियन्त्रक कार्यालयबाट विद्युतीय भुक्तानी प्रणालीबाट निकासा हुने व्यवस्था गरिएको छ।

२७.४ सबै स्थानीय तहहरूमा Sub-National Treasury Regulatory Application, SuTRA कार्यान्वयनमा ल्याइएको छ। हालसम्म ७ सय ५० स्थानीय तहहरु यो प्रणालीमा आवद्ध भईसकेका छन्।

२७.५ Treasury Single Account- TSA र Line Ministry Budget Information System- LMBIS लाई एक आपसमा आबद्ध गरि सार्वजनिक खर्चको अनुगमन गर्ने प्रणाली विकास गरिएको छ।

२७.६ सरकारी भुक्तानी प्रणालीमा Electronic Fund Transfer (EFT) लागू भइसकेको छ भने सरकारी राजस्व प्राप्त गर्न Electronic Bill Presentation and Payment (EBPP) को शुरूवात भएको छ।

२७.७ नेपाल सरकार र प्रदेश सरकारहरूको राजस्व संकलनको एकीकृत विवरण तयार पार्न राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) लागू गरिएको छ।

२७.८ कम्प्यूटरमा आधारित सरकारी लेखाङ्कन प्रणाली Computerised Government Accounting System-CGAS नेपाल सरकारका सबै खर्च गर्ने इकाईमा लागू भएको छ।

२७.९ लेखा प्रणाली, आन्तरिक लेखा परीक्षण र नियन्त्रण प्रणालीमा सुधार गरी संघ, प्रदेश र स्थानीय तहको एकीकरण वित्तीय प्रतिवेदन तयार गरिएको छ। आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ मा तीनै तहको सरकारको एकीकृत आर्थिक विवरण तयार गरी निर्धारित समय भित्रै महालेखा परीक्षक समक्ष पेश भएको छ।

२८. वित्तीय संघीयता पूर्ण कार्यान्वयन भएको छ।

२८.१ संवैधानिक व्यवस्था अुनसार तीनै तहका सरकारहरुका कराधिकार स्पष्ट गर्नुको साथै साझा अधिकार सूचीको कर बाँडफाँट गर्न पारदर्शी सूत्र तथा कार्यविधि निर्धारण गरिएको छ।

२८.२ प्रदेश र स्थानीय तहलाई साधनको न्यायोचित बाँडफाँड गर्न वित्तीय समानीकरण, समपूरक, सशर्त र विशेष अनुदानलाई पारदर्शी र सूत्रबद्ध गरी गत वर्षदेखि नै कार्यान्वयमा ल्याइएको छ।

२८.३ समानीकरण अनुदानबाट अघिल्लो आर्थिक वर्षमा भएको खर्चको विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाएपछि पहिलो किस्ता हस्तान्तरण हुने व्यवस्था गरिएको छ।

२८.४ सशर्त अनुदान वापत हस्तान्तरण हुने रकमको खर्च गर्ने कार्ययोजना तथा सम्बन्धित सभाले पारित गरेको बजेट बुझाएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले सशर्त

अनुदानको पहिलो किस्ता हस्तान्तरण गर्ने व्यवस्था गरिएको छ।

२८.५ बिकास आयोजना कार्यक्रममा देखिएका दोहोरोपना हटाउन तीनै तहका लागि आयोजना बर्गीकरण मापदण्ड कार्यान्वयनमा ल्याइएको छ। प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा पर्ने तर संघबाट संचालित अधुरा विकास आयोजनाहरू आगामी दुई वर्ष भित्र स्रोत सहित पूर्ण रुपमा हस्तान्तरण गरिसक्ने गरी हस्तान्तरणको कार्यमा तिब्रता दिइएको छ।

२८.६ प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगत तर्फको कुनै आयोजना कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन सकिने तर यसको लागि सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ।

२८.७ प्रदेश र स्थानीय तहहरुलाई बजेट तर्जुमा र कार्यान्वयन गर्ने कानून, मार्गदर्शन र एकीकृत बजेट तथा सूचना प्रणालीको विकास गरिएको छ। तीनै तहका सरकारहरुको लागि आन्तरिक नियन्त्रण दिग्दर्शन तर्जुमा गरी लागू गरिएको छ।

२८.८ प्रादेशिक सार्वजनिक खर्च प्रणालीलाई सुदृढ बनाउन प्रादेशिक कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको

स्थापना गरिएको छ। संघ, प्रदेश र स्थानीय तहको विभाज्य कोषहरू संचालनमा ल्याइएका छन्।

२८.९ अन्तर सरकारी वित्त परिषद्को बैठक आवधिक रुपमा आयोजना गरी अन्तर सरकारी वित्त व्यवस्थापनमा देखिएका समस्याहरू समाधान गर्ने व्यवस्था मिलाइएको छ।

२८.१० राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग गठन भई आयोग मार्फत वित्तीय हस्तान्तरण र कर तथा रोयल्टी बाँडफाँट गर्ने प्रणालीलाई व्यवस्थित गरिएको छ।

२९. सार्वजनिक संस्थान सञ्चालन व्यवस्था सुदृढ बनाइएको छ।

२९.१ सार्वजनिक संस्थान सञ्चालन र व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्न यस सम्बन्धी विधेयकको मस्यौदा तर्जुमाको कार्य अन्तिम चरणमा रहेको छ।

२९.२ कर्जा सुरक्षण नियमावली २०७५ मा संशोधन गरिएको छ।पुनर्बीमा नीति स्वीकृतिको अन्तिम चरणमा छ।ग्रामिण स्वावलम्बन कर्जा पहिलो संशोधन कार्यविधि २०७७ मा स्वीकृत गरिएको छ।नवप्रवर्तन सुरुवाती पूँजी अनुदान कर्जा कार्यविधि संशोधन स्वीकृतिको चरणमा रहेको छ।

२९.३ योगदानमा आधारित निबृत्तिभरण कोष ऐन २०७५ बमोजिम स्थापना गरिएको कोष सञ्चालन गर्न नेपाल

सरकार मन्त्रिपरिषदको निर्णयानुसार कर्मचारी सञ्चयकोषलाई तोकिएको छ।

(च) विकास सहायता परिचालन

३०. विकास सहायता नीति र परिचालन पद्धतिमा सुधार गरिएको छ।

३०.१ मुलुकमा परिचालन हुने वैदेशिक सहायता व्यवस्थित गर्न अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ कार्यान्वयनमा ल्याइएको छ। प्रदेश र स्थानीय तहमा विकास सहायता परिचालनमा स्पष्टता ल्याउन यस सम्बन्धी मापदण्ड समेत कार्यान्वयनमा ल्याइएको छ।

३०.२ विकास सहायता परिचालनमा परामर्श खर्च घटाउनुको साथै सम्भव भएसम्म नेपाली परामर्शदातालाई छनौटमा प्राथमिकता दिने व्यवस्था गरिएको छ।

३०.३ वैदेशिक सहायताको गुणस्तर अभिवृद्धि गर्दै लगानीका विभिन्न सम्भावनाहरुलाई उच्चतम उपयोग गर्न सम्मिश्रित वित्त परिचालनको प्रयोगलाई प्रोत्साहित गरिएको छ।

३०.४ दुधकोशी जलाशययुक्त जलविद्युत आयोजनामा सम्मिश्रीत वित्त तथा नेपाल विद्युत प्राधिकरणको कर्पोरेट ग्यारेन्टीमा लगानी जुटाउने प्रकृया अगाडी वढेको छ।

३०.५ कर छुट, प्रवेशाज्ञा, श्रम स्वीकृति तथा कार्य सहमति प्रदान गर्ने विषयहरु सम्झौतामा नै स्पष्ट हुने व्यवस्था गरिएको छ।

३०.६ गैर सरकारी संस्थाहरुले परिचालन गर्ने सबै प्रकारका सहायता र प्राविधिक सहायता पारदर्शी हुने प्रणालीको विकास गरिएको छ।

३१. विकास सहायताको उल्लेखनीय अंश बजेटरी सहायता मार्फत परिचालन गर्न सकिएको छ।

३१.१ वर्तमान सरकार गठन पश्चात बजेट प्रणालीको विश्वसनियता कायम गर्न सकिएकोले कुल बैदेशिक सहायताको ३० प्रतिशत रकम वजेटरी सहायताको रुपमा प्राप्त हुन सकेको छ। यस अवधिमा विश्व बैंक, आई. एम. एफ., एशियाली विकास बैंक र युरोपियन यूनियनबाट रू. १ खर्व ४४ अर्ब वजेट सहायता प्राप्त भएको छ भने थप रू.२४ अर्ब बरावरको बजेटरी सहायता प्राप्त हुने चरणमा रहेको छ।

३१.२ विकास साझेदारबाट उद्यमशिलता विकास र ग्रामिण तथा लघु कर्जा कार्यक्रमको लागि प्राप्त हुने ऋण वित्तीय संस्था मार्फत परिचालन गरी नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने व्यवस्था मिलाईएको छ।

३१.३ विकास साझेदारको "प्राईभेट सेक्टर विन्डो" वाट वाह्य साधन परिचालन गर्न स्थानीय मुद्रामा ऋण पत्र जारी गर्ने

व्यवस्था लगायतका अन्य उपाय अवलम्वन गरिएको छ।

३२. उत्पादन र रोजगारी अभिवृद्धि गर्ने तथा ठूला पूर्वाधार आयोजनाहरुमा विकास सहायता केन्द्रित गरिएको छ।

३२.१ यस अवधिमा वैदशिक अनुदान तर्फ रू ९१ अर्ब र ऋण तर्फ रू.४ खर्ब ०१ अर्व गरी जम्मा रू.४ खर्ब ९२ अर्ब विकास सहायता प्रतिवद्धता प्राप्त भएको छ।

३२.२ उर्जा उत्पादन, त्रिभुवन विमानस्थल विस्तार, वित्तीय क्षेत्र सुधार, आर्थिक पुनरत्थान, संरक्षणमा आधारित पर्यटन आयोजना, पूर्व पश्चिम राजमार्ग विस्तार आयोजना, स्थानीय तहको केन्द्र जोड्ने सडक आयोजनाहरु, समृद्धिका लागि वन, ग्रामिण उद्यम तथा आर्थिक विकास, शहरी पूर्वाधार विकास, विद्युत वितरण विस्तार लगायतका आयोजनाहरुमा रू.२ खर्ब भन्दा बढीको अन्तर्राष्ट्रिय विकास सहायता परिचालनको प्रक्रियामा रहेको छ।

३३. अन्तर्राष्ट्रिय मञ्चहरुमा सहभागिता बढेको छ।

३३.१ विश्व बैंकबाट सहयोग लिने राष्ट्रहरुमध्ये IDA 19 Replenishment मा नेपालले दक्षिण एशियाको तर्फबाट प्रतिनिधित्व गरेको छ। ADB-ADF 13 Replacement मा नेपालले प्रापक देशको तर्फबाट प्रतिनिधित्व गरेको छ।

३३.२ Global Partnemship for Effective Development Committee (GPEDC) को Steering Committee मा

नेपालले निरन्तरता पाएको छ। GPEDC को उच्च स्तरीय बैठकमा एशियाली विकासोन्मुख राष्ट्रको तर्फबाट नेपालले प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेको छ।

३३.३ International Aid Transparency Initiative (ITAI) को Steering Committee मा नेपालले Asia को Partner Countires को तर्फबाट प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेको छ।

३३.४ Climate Finance को विश्वव्यापी कोषहरुमा नेपालको पहूँच स्थापित भएको छ।

३३.५ गत वर्ष सम्पन्न विश्व आर्थिक सम्मेलन, विश्व बैंक मुख्यालयमा नेपाल दिवस, विश्व खाद्य कार्यक्रम र विश्व बैंकको कार्यकारी वैठक लगायतका अन्तर्राष्ट्रिय मञ्चहरु र नेपाल सदस्य भएको बहुपक्षीय निकायको वार्षिक बैठकमा नेपालको सक्रिय र नेतृत्वदायी सहभागीता जनाएको छ। उक्त मञ्चहरूमा नेपालको तर्फबाट प्रस्तुत भएका विषयहरू विश्वव्यापीरूपमा स्थापित भई नेपालको प्रतिष्ठा र गौरब अभिवृद्धि भएको छ।

३३.६ कोभिड-१९ को रोकथाम, उपचार तथा सोबाट प्रभावितलाई राहत तथा सामाजिक सुरक्षा प्रदान गर्न आवश्यक श्रोत व्यवस्थापन तथा अर्थतन्त्रमा परेको प्रभाव न्यूनिकरण गर्दै शिघ्र पुनरुत्थान गर्न बहुपक्षीय

तथा द्विपक्षीय दातृ निकायहरूसँग समन्वय र साझेदारी अभिवृद्धि हुँदै गएको छ।

३३.७ विश्व बैंक, एसियाली विकास बैंक, एसियाली पूर्वाधार लगानी बैंक, आई एम एफका उच्च व्यवस्थापन तहका पदाधिकारीसँग विभिन्न चरणमा बैठक सम्पन्न गरी थप सहायता परिचालन गर्न अनुरोध गरिएको छ।

३३.८ बेलायतका विदेश तथा कमनवेल्थ अफिसका राज्यमन्त्री लर्ड अहमदसँग भिडियो कन्फ्रेन्स मार्फत बैठक गरी कोभिड-१९ को रोकथामकोलागि पाउन्ड स्टरलिङ ४५.८ मिलियन अनुदन सहायता परिचालन गर्ने सहमति भएको छ।

(छ) कानून निर्माण

३४. दुई बर्ष छ महिनाको अवधिमा कानून निर्माणमा ऐतिहासिक सफलता हासिल भएको छ। मौलिक हक कार्यान्वयन र वित्तीय संघीयता सम्बन्धी आधारभूत कानूनहरु निर्माण भएका छन्। संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी बाँडफाँट सुस्पष्ट भएको छ।

३५. लामो समय देखि थन्किएका औद्योगिक ब्यवसाय ऐन, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, नागरिक लगानी कोष ऐन (संशोधन), भुक्तानी फर्स्योट ऐन लगायतका कानूनहरुको निर्माणमा सफलता प्राप्त भएको छ।

३६. बीमा सम्बन्धी कानूनलाई एकीकरण र संशोधन बनेको विधेयक, भन्सार प्रशासन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, कर्जा सूचना सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा दर्ता भई विचाराधीन रहेका छन्।

३७. निवृत्तभरण कोष नियमावली तर्जुमा भई कार्यान्वयनमा आएको छ।

३८. आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, ऋण तथा जमानत विधेयक, विनियोजन विधेयक जस्ता सालवसाली ऐन समय सापेक्ष तर्जुमा भई कार्यान्वयन भएका छन्।

३९. आयकर नियमावली, मूल्य अभिवृद्धी कर नियमावली, अन्तःशुल्क नियमावली, भन्सार नियमावली, हेजिङ्ग सम्बन्धी नियमावली लगायतका नियमावलीहरुमा समय सापेक्ष संशोधन गरिएको छ।

४०. बैंङ्किङ्ग कसुर तथा सजाय(दोस्रो संशोधन) ऐन, २०७७ प्रस्ताव मन्त्रिपरिषद्मा पेश गरिएको छ।

४१. अनुसूची-१ मा उल्लेख भए बमोजिमका आर्थिक कार्य प्रणाली र लगानी सम्बन्धी दर्जनौ कानून निर्माण भएका छन् भने निर्माण भएका कानूनहरुको कार्यान्वयनका लागि दर्जनौ निर्देशिका, कार्यविधि र मापदण्ड तर्जुमा गरी लागू गरिएको छ।

(ज) कोभिड – १९ को संक्रमण रोकथाम तथा नियन्त्रण

४२. विश्वव्यापी रुपमा फैलिएको कोभिड -१९ को रोकथाम, नियन्त्रण र उपचारका अतिरिक्त संक्रमणको प्रभाव न्यूनिकरण गर्न अबलम्बन गरिएका क्रियाकलापबाट सिर्जना भएको परिस्थितिलाई सामना गर्न देहाय बमोजिम राहत, सहुलियत, छुट एंव अन्य विभिन्न वितिय तथा मौद्रिक उपायहरु अवलम्बन गरी कार्यान्वयन गरिएको छ।

४३. आर्थिक पुनरूत्थान, रोजगारी सिर्जना र राहतका लागि गरिएका प्रबन्ध

४३.१ कोभिड -१९ को संक्रमण जोखिम न्यूनिकरणका लागि नेपाल सरकारले मिति २०७६।११।११ देखि बन्दाबन्दीको घोषणा गरेपछि २०७६।१२।१६ मा कोभिड १९ को कारण प्रभावितहरुलाई प्रदान गरिने राहत, कर छुट तथा सुविधा सम्बन्धि प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत भई कार्यान्वयनमा आएको छ। त्यसै गरी २०७७।०१।१४ मा दोश्रो चरणको राहत, कर छुट तथा सुविधा स्वीकृत भई कार्यान्वयनमा आएको छ।

४३.२ कोभिड -१९ बाट प्रभावित भएको घरेलु, साना तथा मझौला उद्योग तथा कोरोना प्रभावित पर्यटन व्यवसायीको श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानी तथा

व्यवसाय सञ्चालन गर्न सहुलियतपूर्ण व्याजमा कर्जा उपलब्ध रु. ५० अर्बको कोष स्थापना गरिएको छ।

४३.३ कोरोना प्रभावित घरेलु साना तथा मझौला उधोग उत्पादनमूलक उद्योग, होटल, पर्यटन लगायतका क्षेत्रका उद्योग व्यवसायलाई ५ प्रतिशत सम्म सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

४३.४ कोरोना प्रभावित व्यवसाय पुनरुत्थान गर्न रु. २ खर्ब सम्मको पुर्नकर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

४३.५ आम नागरिकको लागि रु. १ लाख सम्मको सामूहिक कोरोना विमा गर्दा भुक्तानी गर्नुपर्ने प्रिमियमको ५० प्रतिशत बराबरको रकम अनुदान दिने व्यवस्था गरिएको छ।

४३.६ संगठित क्षेत्रमा काम गर्ने श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा श्रमिक र रोजगारदाताको तर्फबाट गर्नुपर्ने २०७६ चैत्र महिनाको २०७७ असारमसान्तसम्मको योगदान वापत रु. १ अर्ब ३ करोड नेपाल सरकारले सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ।

४३.७ नेपाली वायुसेवा कम्पनिले भुक्तानी गर्नुपर्ने पार्किङ्ग शुल्क, वायुसेवा सञ्चालन अनुमति पत्र नविकरण दस्तुर, उडान

योग्यता प्रमाणपत्र दस्तुर र हवाई इन्धनमा असूल हुने गरेको पूर्वाधार कर छुट दिईएको छ।

४३.८ कोरोनाको कारण प्रभावित भएका निर्माण, यातायत, आमसञ्चार, चलचित्र क्षेत्रमा इजाजत पत्र तथा उपकरण नविकरण दस्तुरमा छुट, बैंक ग्यारेन्टीको म्याद थप गर्ने व्यवस्था गरिएको छ।

४३.९ कोभिड -१९ कारण श्रम विहिन भएका र विदेशबाट फर्किएका श्रमिकालाई समेत समेटने गरी आर्थिक वर्ष २०७७/७८ मा थप करिब १२ लाख नयाँ रोजगारी सृजना गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम, सहुलियतपूर्ण कर्जा कार्यक्रम, साना किसान कर्जा कार्यक्रम, रोजगारी सहितको तालिम कार्यक्रम लगायतका अन्य कार्यक्रम सञ्चालन गरिएको छ।

४३.१० असङ्गठित क्षेत्रका कार्यरत रहि हाल रोजगारी वा काम विहिन भएका श्रमिकलाई स्थानीय तहमा स्थानिय तह वा प्रदेश वा संघीय कार्यालयबाट सम्पादन हुने सार्वजनिक काममा लगाई काम वा श्रम गराँउदा निजहरुलाई दैनिक ज्याला नगद वा खाद्यान्नको रुपमा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

४३.११ काममा नआउने वा नचाहने व्यक्ति राहत माग गर्न आएमा काममा आउने व्यक्तिले पाएको पारिश्रमिकको

२५ प्रतिशतले हुन आउने रकम बराबरको खाद्यत्र मात्र उपलब्ध गराउने व्यवस्था मिलाईएको छ।

४३.१२ सबै बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाका कोरोना प्रभावित ऋणीले २०७६ चैत्र महिनाको बुझाउनु पर्ने मासिक व्याज वा मासिक हुन आउने व्याज रकममा आधार दर भन्दा कम नहुने गरी १० प्रतिशत छुट दिईएको छ।

४३.१३ वैदेशिक रोजगारमा जाने अनुमति लिई जान नपाएका व्यक्तिले संक्रमणको जोखिम समाप्त भएपछी सहुलियतपूर्ण कर्जा लिई उधोग व्यवशाय संचालन गर्न चाहेमा निवेदन दिएको सात दिन भित्र सहुलियतपूर्ण कर्जा उपलब्ध हुने व्यवस्था मिलाईएको छ।

४३.१४ बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहकलाई विधुतिय माध्यमबाट सेवा प्रदान गर्ने र यस प्रकारको सुविधा दिए बापत अर्को निर्देशन नभएसम्म कुनै प्रकारको थप शुल्क नलिने व्यवस्था मिलाईएको छ।

४३.१५ अनिवार्य नगद मौज्दात चार प्रतिशत बाट तीन प्रतिशत कायम गरिएको छ।

४३.१६ २०७६/७७ को चौथो त्रैमासमा कर्जाको ब्याजदर २ प्रतिशत बिन्दुले कम गरिएको छ।

४३.१७ कोभिडवाट प्रभावित सेवा व्यवसायमा परेको प्रभावको अवस्था हेरी कर्जाको २०७६ चैतदेखि २०७७

असारसम्मको साँवा ब्याज तिर्ने अवधि ६ महिनादेखि १ वर्षसम्म सार्ने व्यवस्था गरिएको छ।

४३.१८ पुनर्कर्जाका लागि छुट्ट्याइएको रकमको ५ गुणासम्म पुनर्कर्जा दिन पाउने व्यवस्था गरिएको छ। पुनर्कर्जाको ब्याजदर घटाएर निर्यातजन्य तथा रुग्ण उद्योगका लागि ३ प्रतिशत र घरेलु तथा साना उद्योग लगायतका अन्य व्यवसायका लागि ५ प्रतिशतमा पुनर्कर्जा उपलव्ध हुने व्यवस्था मिलाइएको छ।

४३.१९ कोभिड -१९ को उपचारलाई समेत सहयोग पुग्ने गरी सेवा विस्तार र स्तरोउन्नती गर्न चाहने निजी स्वास्थ्य प्रदायक संस्थाहरुलाई प्रवाह गरिने कर्जालाई प्राथमिकतक प्राप्त क्षेत्र अन्तर्गत समावेश गर्ने व्यवस्था गरिएको छ।

४५.२० अत्यावश्यक औषधो स्वास्थ्य उपचारमा प्रयोग गरिने स्वास्थ्य सामाग्री तथा उपकरण एवम् खाद्यन्न लगायतका दैनिक अत्यावश्यकिय वस्तुको पैठारी टि.टि. मार्फत गर्दा हाल कायम रहेको ३० हजार अमेरिकी डलरको सीमालाई १लाख पुर्याईएको छ।

४३.२१ बिदेशमा रहेका नेपाली बिधार्थीलाई शिक्षा मन्त्रालयको नो अब्जेक्सन लेटर नभएपनि जिवन निर्वाहको लागि आवश्यक पर्ने न्यूनतम विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने व्यवस्था छ।

४३.२२ कोभिड - १९ संक्रमण का कारण सृजना भएको असमान्य परिस्थितिमा विमा अवधि समाप्त भएको विमा लेखको हकमा वीमितको लिखित अनुरोध (विधुतिय माध्यमबाट प्राप्त समेत) का आधारमा विमा लेख नविकरण गर्ने व्यवस्थालाई लकडाउन अवधी सकिएको मितिले १५ दिनसम्म कायम गर्ने व्यवस्था मिलाईएको छ।

४३.२३ लकडाउनको अवधि भित्र संकलन गर्नुपर्ने जीवन बिमा प्रिमियम वापतबको रकम संकलन गर्ने अवधी थप गरी उक्त अवधीको व्याज नलाग्ने व्यवस्था मिलाईएको छ।

४३.२४ २०७६ चैत्र र २०७७ बैशाख महिनामा नविकरण गर्नुपर्ने वीमा अभिकर्ता र सर्भेयरको ईजाजत नवीकरणको म्याद थप गरी सो वापतको जरिवाना नलाग्ने व्यवस्था मिलाईएको छ।

४३.२५ निर्जिवकले वीमकले तत्काल सिर्जना हुने दाबी भुक्तानीको लागि बिधुतिय माध्यमबाट समेत निबेदन प्राप्त भएमा अवस्था सामान्य भएपछि तत्काल सर्भेयर खटाई क्षति यकिन गरी दाबी भुक्तानी गर्ने व्यवस्था मिलाईएको छ।

४३.२६ धितोपत्र बजारमा कारोबार गरी राफसाफ गर्न बाँकी रहेकाहरुको हिसाब राफसाफ गर्ने समयावधी वृद्धि गरिएको छ।

४३.२७ धितोपत्र ऐन बमोजिम सूचिकृत कम्पनिले बुझाउनु पर्ने विवरणहरु बुझाउने म्याद वृद्धि गरिएको छ।

४४. कर सहुलियत सुविधा तथा छुट

४४.१ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड - १९ को संक्रमण रोकथाम तथा नियन्त्रण र उपचारका लागि सूचिकृत गरिएका स्वीकृत मापदण्द अनुसारकको विभिन्न प्रकारका औषधी, स्वास्थ्य सामाग्री र स्वास्थ्य उपकरण पैठारी गर्दा लाग्ने सम्पूर्ण महशुल छुट दिईएको छ।

४४.२ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा मन्त्रालयले तोकेको स्वास्थ संस्था वा स्थानहरुमा हस्तान्तरण गर्ने गरि विभिन्न संघ संस्था वा व्यक्तिले सहयोग स्वरुप उपलब्ध गराएका तोकिएको गुणस्तर अनुरुपमा कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण र उपचारकालागि सूचिकृत भएका औषधी, स्वास्थ्य उपकरणमा लाग्ने सम्पूर्ण महशुल छुट दिईएको छ।

४४.३ फेस मास्क, सेनिटाईजर र सर्जिकल ग्लोभ्समा दरबन्दी बमोजिम लाग्ने महशुल छुट दिईएको छ।

४४.४ ईन्डक्सन चूल्होमा लाग्ने भन्सार महशुल घटाईएको छ।

४४.५ औषधि उत्पादन गर्ने उद्योगले उधवग विभागको स्किम (उत्पादन क्षमता)अनुसार स्यानिटाईजर उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ इथानोल (Ethanol-C2H5OH) औषधो व्यवस्था विभागको सिफारिसमा स्वदेशी

उद्योगहरुबाट खरिद गरी स्यानिटाईजर उत्पादन गरेमा औषधी व्यवस्था विभागले सिफारिस गरेको परिमाणसम्मको इथानोल (Ethanol-C2H5OH) खरिदमा अन्तःशुल्क ऐन, २०५८ को अनुसूची बमोजिम लाग्ने अन्तःशुल्क पूर्णरुपमा छुट दिईएको छ।

४४.६ उद्योगी तथा व्यवशायीहरुको आयात तथा निर्यातको क्रममा रहेको कन्टेनर तथा ट्रकमा लाग्ने डेमरेज तथा डिटेन्शन चार्ज नलाग्ने व्यवस्था गरिएको छ।

४४.७ भन्सार ऐन, २०६४ बमोजिम मूल्याङ्कन पुनरावलोकनका लागि निबेदन दिन पाउने म्याद लकडाउन खुल्ला भएको मितिले १५ दिन थप गर्ने व्यवस्था गरिएको छ।

४४.८ कुनै व्यक्तिले आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकार, प्रदेश र स्थानिय तहले स्थापना गरेको कोरोना संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको आय गणना गर्दा घटाउन पाउने गरी खर्च कट्टी गर्न दिने व्यवस्था मिलाइएको छ।

४४.९ कोरोना संक्रमणको जोखिम न्यूनिकरण गर्न सरकारले घोषणा गरेको बन्दाबदीको अवधिमा करदाताले भुक्तानी गर्नुपर्ने कर स्थगन गरिएको छ।

४५. खर्च व्यवस्थापनमा गरिएका प्रबन्ध

४५.१ कोभिड -१९ संक्रमण जोखिम नियन्त्रण गर्न गरिएको बन्दाबन्दी र अन्तर्राष्ट्रिय नाकामा आवागमन रोकिंदा

आर्थिक क्रियाकलापमा देखा परेको संकुचन हुँदाहुँदै पनि विभिन्न कोषमा मौज्दात रहेको निष्क्रिय रकम परिचालन, वैदेशिक सहायता परिचालनमा गरिएको अधिकतम प्रयास, खर्च प्रणालीमा अपनाइएको सावधानीका कारण आर्थिक वर्ष २०७७/७८ मा सरकारको मौज्दात करिब १६ अर्वले बचतमा रहन सकेको छ।

४५.२ आर्थिक वर्षको २०७७/७८ पछिल्लो चौमासिक अवधि मुलुक बन्दाबन्दीको अवस्थामा रहेको समयमा समेत आर्थिक क्रियाकलापलाई सुचारु गर्न सरकारी स्रोतको अधिकतम परिचालन गरिएको छ। आर्थिक वर्ष २०७६/७७ मा करिब १११० अर्ब सरकारको खर्च रहेकोमा २०७७/७८ मा गत वर्षकै हाराहारीमा रु. १०९४ अर्ब खर्च भएको छ।

४५.३ कोभिड - १९ को संक्रमणको निशुल्क परीक्षण तथा बिरामीको सम्पूर्ण उपचार खर्च निशुल्क गरिएको छ। व्यक्तिगत सुरक्षा उपकरण निशुल्क गर्ने गरी बजेट व्यवस्था गरिएको छ।

४५.४ कोभिड - १९ संक्रमण जोखिम नियन्त्रण गर्न आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ हालसम्ममा प्रदेश र स्थानीय तहमा समेत गरी जम्मा रु. १३ अर्व खर्च भएको छ। नेपाल सरकारको बजेट र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा स्थापित कोरोना रोकथाम,

नियन्त्रण तथा उपचार कोषबाट निकासा, रकमान्तर र प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिएको छ।

४५.५ नेपाल सरकारका अस्पतालहरु र प्रादेशिक अस्पतालहरुमा मेशिन उपकरण खरिद, रिएजेन्ट, पिसिआर मेशिन र किट, बेड, मास्क, सेनिटाइजर सहित व्यक्तिगत सुरक्षा उपकरणहरु,आइसियु खरिद गर्न बजेट निकासा गरिएको छ। विभिन्न स्थानमा क्वारेन्टाइन निर्माण र संचालन खर्च, विदेशबाट उद्दार गरिएका नागरिकको उद्धार खर्च, क्वारेन्टाइन स्थलमा राखिएको अवधिको सम्पूर्ण खर्च व्यहोरिएको छ।

४५.६ संक्रमित बिरामीको अवस्था हेरी औषधि, खाने वस्ने खर्च, चिकित्सकको जोखिम भत्ता सहित प्रति बिरामी प्रति दिन खर्च अस्पतालहरुलाई उपलब्ध गराइएको छ।

४५.७ कोभिड - १९ उपचारमा अग्रपंक्तिमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी र प्रयोगशालामा काम गर्ने कर्मचारीलाई जोखिम भत्ता उपलब्ध गराइएको छ। कोरोना लगायतका अन्य संक्रामक रोग विरुद्ध कार्यरत सबै स्वास्थ्य कर्मीलाई रु. ५ लाख सम्मको निशुल्क स्वास्थ्य बीमा गरिएको छ। रु.१ लाख सम्मको सामुहिक कोरोना बीमा गर्दा लाग्ने बार्षिक शुल्कमा सरकारले ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाईएको छ।

४५.८ आर्थिक वर्ष २०७७/७८ को बजेटबाट स्वास्थ्य क्षेत्रको बजेट करिब एक तिहाई वृद्धि गरी ९० अर्ब ७० करोड पुर्याइएको छ। मुलुकभरका अस्पतालहरुको पूर्वाधार विकासमा उच्च प्राथमिकता दिइ बजेट विनियोजन गरिएको छ।